# नीलकण्ठ नगरपालिका, धादिङ
# बाग्मती प्रदेश नेपाल

## त्रीबर्षीय क्षमता विकास योजना (२०७८-०८१)



# अन्तिम प्रतिवेदन

परामर्शदाता

## भिजन स्मार्ट नेपाल प्रा.ली.
## नीलकण्ठ न.पा. वार्ड नंबर ३ धादिङ

क्षमता विकास योजना

(Capacity Development Plan)

(आ.व. २०७८/२०७९-२०८१/८२)

## परिच्छेद- १
## परिचय

### परिचय

क्षमता भनेको कुनै व्यक्ति संस्था, निकाय वा संगठनको कुनै काम गराउन वा नगराउन प्रयोग गर्न पाउने अधिकार हो । विकास त्यस्तो प्रकृया हो, जसअनुसार कुनै वस्तुको आफ्नो आरम्भिक सामान्य अवस्थाबाट विस्तारै-विस्तारै बढ्दै सुधार हुँदै पुर्ण अवस्थामा पुग्दछ । विकासलाई अन्य विषयसँग जोडेर हेर्ने गरिन्छ । जस्तैः आर्थिक विकास, सामाजिक विकास, मानव संशाधन, भौतिक पूर्वाधार विकास इत्यादी । त्यसैले क्षमता विकास भन्नाले व्यक्ति वा संस्थामा रहेको कुनै काम गर्न वा नगर्न प्रयोग गरिने प्राधिकारको समुन्नत प्रयोग गर्न सक्ने गरी शक्ति सम्पन्न पार्ने प्रकृयालाई जनाउछ । कुनैपनि प्रणाली, स्थान, व्यक्ति तथा वस्तुको सुधारिएको अवस्था नै विकास हो भने मानवीय आवश्यकता तथा जीवनको गुणस्तर सुधार्न चालिने कदम पनि विकास हो । त्यसैले, विकास गर्न सक्ने क्षमताको अभिवृद्धि गर्नु नै क्षमता विकास हो । क्षमता विकासलाई योजनाबद्ध गर्नु पर्दछ र योजना भन्नाले कुनै कुराको अठोट गरी अनुशासनमा बस्ने प्रकृयालाई जनाउछ । तसर्थ, क्षमता विकास योजना भित्र दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य एवं कार्यनीति पर्दछन्।

क्षमता विकासलाई वृहत रुपमा हेर्नु पर्दछ र यसले अवाश्यक सिकाईको प्राप्ती र नयाँ अभिवृद्धि प्रकृयालाई समेट्दछ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) ले क्षमता विकासका बारेमा यसरी व्याख्या गरेको छ –"The Process through which, individual, organization and societies obtain, strengthen and maintain the capabilities to set and achieve their own development objectives over time"- Capacity Assessment Practice Note, 2008।

उपरोक्त व्याख्यात्मक परिभाषा अध्ययन गर्दा क्षमता विकास एउटा प्रकृया हो । जसबाट व्यक्ति, संगठन र समाजले कार्यसम्पादन क्षमताको प्राप्ति सुदृढी र जगेर्ना गर्दछन् । तथा त्यसको उपयोगबाट समय समयमा तोकिएका विकास उद्देश्यहरु पुरा गर्दछन् ।

प्रस्तुत अध्ययन धादिङ जिल्लाको नीलकण्ठ नगरपालिकाको क्षमता विकाससँग केन्द्रित रही देहायका निर्दिष्ट (Specific) उद्देश्यहरु प्राप्त गर्नका लागि यो क्षमता विकास योजना तर्जुमा गरिएको छ ।

- संविधान र प्रचलित कानुनहरुबाट प्राप्त अधिकार अनुरुप जनउत्तरदायीपूर्ण ढंगबाट कार्य सम्पादन गर्नका लागि नीलकण्ठ नगरपालिकाको सबल र कमजोर पक्षहरुको पहिचान गर्ने ।
- स्थानीय सरकारलाई प्राप्त अधिकार र जिम्मेवारीहरु दक्षताका साथ सम्पादन गर्न जननिर्वाचित पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारी, उपभोक्ता समिति लगायत स्थानीय विकासका सरोकारवालाहरुको कार्य दक्षता वृद्धि गर्न तथा नतिजामुखी कार्य प्रकृया अवलम्बन गर्न सहयोग

पुऱ्याउने ।

- प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप र विद्यमान क्षमता बीचको अन्तराल पहिचान गरी आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- सेवा प्रवाह तथा विकास व्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि र प्रणालीको प्रयोग र अनुशरण गर्ने ।
- मानव संशाधन तथा संस्थागत विकासका क्षेत्रमा देखिएका कमजोर क्षेत्रहरु पहिचान गरी क्षमता विकास कार्यक्रमलाई प्रकृयाका रुपमा संचालन, कार्यान्वयन तथा प्रयोग गर्दै जान आवधिक नीतिहरु अनुशरण गर्ने ।
- क्षमता विकास योजनामा मानव संशाधन, संस्थागत विकास र प्रणाली विकासका क्षेत्रहरु अन्तर्गत गरिनु पर्ने न्यूनतम कार्यहरुको प्राथमिकता अनुसार लगानी गर्नु पर्ने ।

## १.१. पृष्ठभूमि

नेपालको संविधान को धारा ५६ (१) ले नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको छ। जस अनुरुप स्थानीयस्तरदेखि नै जनतालाई सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुल वातावरण वनाई मुलुकको शासन व्यवस्थामा जनताको सहभागिता प्रर्वद्धन गर्न र स्थानीयस्तरमा नै सहज रुपमा जनतालाई सेवा उपलव्ध गराई जनताको नजिकको र भरपर्दो संयन्त्र बन्ने अवसर प्रदान गरेको छ। यसबाट लोकतन्त्रको संस्थागत विकास गर्न र अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्तताको अवधारणालाई मुर्त रुप दिइएको छ। स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहहरुलाई स्थानीय स्वायत्त शासनको मर्म अनुरुप स्थानीय विकास, सेवा प्रवाह र स्थानीय नेतृत्वको लागि अधिकार र जिम्मेवारीको व्यवस्था गरेको छ । उक्त जिम्मेवारीलाई वहन गर्न विकासलाई समावेशी, सहभागितात्मक र समतामूलक बनाउन स्थानीय तहहरुको क्षमतामा विकास हुनु अनिवार्य छ। रुपान्तरणकारी, दक्ष, सबल र सक्षम स्थानीय तहहरु बाट मात्र स्थानीय क्षेत्रको विकास, प्रभावकारी सेवा प्रवाह र स्थानीय सुशासनमा गुणात्मक परिवर्तन ल्याउन सम्भव छ। स्थानीय विकास तथा सेवा प्रवाह सम्बन्धि नयाँ अवधारणा, सोच, अभ्यासहरु तथा स्थानीय तहहरुको अधिकार तथा जिम्मेवारीमा वढोत्तरी र नीति नियममा समेत आएका युगान्तकारी परिवर्तन र समयको मागलाई सम्बोधन गर्न सक्ने स्थानीय तह बनाउनु पनि आजको माग हो । विगतमा स्थानीय तहहरुको क्षमता विकासको लागि स्थानीय विकास मन्त्रालय, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान तथा अन्तर्गतका निकायहरु, स्थानीय तह संघ/महासंघ, दातृ निकायहरु साथै स्थानीय तहहरुको आफ्नै प्रयासबाट क्षमता विकासका विभिन्न प्रयासहरु हुँदै आएका पनि छन्। तर त्यस्ता प्रयासहरु योजनाबद्ध, व्यवस्थित, गुणात्मक र प्रणालीगत तरिकाले सम्पादन हुन सकिरहेको अवस्था देखिदैन । यस तथ्यलाई मनन् गरी स्थानीय स्तरमा सेवा प्रवाह र स्थानीय विकासमा गुणात्मक सुधार गर्न क्षमता विकास सम्बन्धी कार्यक्रमहरु एकीकृत रुपमा तर्जुमा र संचालन गर्न स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ बमोजिम नीलकण्ठ नगरपालिकाको सेवा प्रवाह तथा स्वशासनमा साझेदारहरुको सहभागिता समेतमा यो क्षमता विकास योजना तयार गरिएको छ। क्षमता विकास योजना तर्जुमाका चरण, विधि तथा प्रक्रियाका साथसाथै प्रस्तावित कार्यक्रम तथा क्रियाकलापहरु, लक्ष्यहरु, श्रोत तथा साधन, जिम्मेवारी र समयतालिका क्षमता विकास योजनाको संभावना तथा समस्या तथा चुनौतीलाई समेटेर यो प्रतिवेदन तयार गरिएको छ । स्थानीय तहहरुको क्षमता विकासका लागि आपूर्ति (Supply) तथा मागमा (Demand) आधारित क्षमता विकासको अवधारणा अबलम्बन गरिएको छ । यसो गर्नुको

पछाडि यो पालिकाले भविष्यमा सम्पादन गर्नुपर्ने कार्यहरुलाई समेत आँकलन गर्ने प्रयासलाई समेत दर्शाइएको छ। स्थानीय तहहरूले जनतालाई प्रदान गर्ने सार्वजनिक सेवा तथा सुविधाहरू बढी प्रभावकारी बनाउन पालिकाको क्षमतामा अभिवृद्धि गर्ने कार्यमा आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रमहरु केन्द्रित रहेका छन् भने मागमा आधारित क्षमता विकासका कार्यक्रमहरू पालिका र सरोकारवालाहरुको आफ्नै विशेषताको आधारमा देखिएका क्षमताको आवश्यकतालाई सम्बोधन गरिएको छ । आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रमहरु लागु गर्न पालिकाले बढी अनुदान प्राप्त गर्ने कुराहरुमा केन्द्रित गर्ने प्रयास गरिएको छ ।

## १.२. नीलकण्ठ नगरपालिकाको संक्षिप्त परिचय

### १.२.१ ऐतिहासिक पृष्ठभूमि

उत्तरमा हिमालयदेखि दक्षिणमा महाभारत पर्वतसम्म फैलिएको देशको एक मात्र जिल्ला धादिङमा अवस्थित यस नीलकण्ठ नगरपालिका नेपाल सरकारको २०७१ बैशाख २५ को निर्णयअनुसार नगरपालिका घोषणा हुँदा साबिकको नीलकण्ठ, सान्कोश, मुरलीभन्ज्याङ्ग र सुनौलाबजार गरी ४ वटा गाबिसहरु गाभेर घोषणा गरिएको थियो । तर, २०७३ मा पुनर्गठन हुँदा विद्यमान नगरपालिकामा अरु तीनवटा गाबिसहरु जस्तैः ज्यामरुङ्ग खाल्टे र धुवाँकोट गाभेर हालको नगरपालिका बनाइएको थियो। हाल यस नगरपालिकामा जम्मा १४ वडाहरु रहेका छन् ।

साबिकको नीलकण्ठ नगरँ विकास समितिको नामलाई नै कायम गरी यस नगरपालिकाको नामाकरण भएको छ । नीलकण्ठ नाम रहनुको पछाडी स्थानीय किम्बदन्तीहरु पनि छन् । समुद्र मन्थनको क्रममा उत्पन्न कालकूट विषबाट जगतको रक्षा गर्न भगवान शिवले सो विषपान गरी आफ्नो कण्ठमा धारण गर्नु हुँदा कण्ठ नीलो भएको पौराणिक आख्यान बमोजिम नीलकण्ठ शब्दलाई भगवान शिवको अर्को नामको रुपमा लिइन्छ । यस अतिरिक्त स्थानीय आख्यान अनुसार थोपल खोला नजिक रहेको ढाँडदेवी मन्दिरलाई नीलकण्ठ बनाइएको भन्ने किम्बदन्ति पनि छ ।

# १.२.२ परिचय

काठमाडौँको छिमेकी जिल्ला धादिङमा नीलकण्ठ नगरपालिका अवस्थित छ । काठमाडौँबाट करिब ९० कि.मी.को दूरीमा रहेको छिमेकी जिल्लामा अवस्थित भए तापनि विकासको हिसाबले यो नगरपालिका पछाडि नै रहेको छ। यस नगरपालिकाले धादिङ जिल्लाको करिब १०% भू-भाग ओगटेको छ भने जिल्लाको कुल जनसंख्याको १७% जनसंख्या यहाँ बसोबास गरिरहेका छन् । कूल १९९.८५ वर्ग कि.मी. भू-भाग रहेको यस नगरपालिकामा वनले ओगटेको क्षेत्रफल ९९.३१ वर्ग कि.मी. रहेको छ, जुन करिब ५०% भू-भाग पर्दछ। राष्ट्रिय जनगणना २०६८ अनुसार यहाँको कूल जनसंख्या ५८,५१५ छ। यस नगरपालिकाको आर्थिक आधारशीलाको रुपमा कृषि, व्यापार र पर्यटन मुख्य रहेका छन्। एउटा इँटा उद्योग बाहेक नगन्य रुपमा केही स-साना उद्योगहरु सञ्चालनमा रहेका छन्। नेपालको संविधानअनुसार हाल यो नगरपालिका प्रदेश नम्बर तीनमा पर्दछ ।

यस नगरपालिकाको चार किल्लाको हकमा पूर्वमा नुवाकोट जिल्ला, पश्चिममा ज्वालामुखी तथा सिद्धलेख


नगरँपालिका, उत्तरमा नेत्रावती र त्रिपुरासुन्दरी नगरँपालिका र दक्षिणमा गल्छी र सिद्धलेख नगरँपालिका पर्दछन् । नेवार, ब्राह्मण, क्षेत्री, कुमाल, मगर, तामाङ, सार्की, गुरुङ्गआदि विभिन्न जातजाति यस नगरपालिकामा बसोबास गर्दै आएका छन् । थोपल, आँशी र अरुण खोला यस नगरपालिकाका तीन महत्वपूर्ण खोलाहरु हुन् । पहाडी भू-भाग भएको हुनाले यहाँका धेरै जमिन तराईमा जस्तो समतल भन्दा भिरालो प्रकारको रहेको छ ।

यस क्षेत्रको कृषि निर्वाहमुखी र परम्परागत किसिमको भए तापनि अत्याधिक जनसंख्याको आम्दानीको मुख्य आधार यही नै रहेको छ । धान, मकै, गहूँ, कोदो मुख्य खाद्यान्न हुन् भने विभिन्न प्रकारको तरकारी, दलहन, तेलहनलगायत विभिन्न किसिमका फलफूल यहाँका किसानले उत्पादन गर्दछन् । उद्योग व्यवसायको विकास हुन नसक्दा रोजगारीका अवसर कम हुनाले रोजगारीको लागि युवायुवती प्रायः विदेश जाने गरेका छन् । यसबाट नगरपालिकामा उल्लेख्य रुपमा विप्रेषणको नाममा रकम प्राप्त हुने गरेको र स्थानीय अर्थतन्त्रलाई राम्रो टेवा मिलेको भएतापनि दक्ष जनशक्ति विदेशिनु यस नगरपालिकाको लागी निकै चुनौतीपूर्ण रुपमा रहेको छ । रोजगारीको लागि जाने मुलुकहरुमा मलेसिया, कतार, साउदी अरेबिया, अमेरिका, जापान, क्यानडा, कोरिया, भारत आदि पर्दछन् । व्यापार व्यवसाय दिन प्रति दिन बढ्दो छ र आगामी बर्षहरुमा पनि यसको गतिमा कमी आउने देखिंदैन ।

नगरपलिकाको सबै वडाहरुमा सडक पुगिसकेको छ तर प्रायः सम्पूर्ण सडकहरु कच्ची छन् । बर्खाको मौसममा यी सडकहरु प्रायः बन्द रहने गर्दछन् । पानीको लागि यस नगरपालिका विभिन्न स्रोतहरूमा निर्भर रहेको छ । जिल्ला स्तरीय अस्पताल वडा नं ३ मा अवस्थित छ भने केही स्वास्थ्य केन्द्र र चौकीहरु अन्य विभिन्न वडाहरुमा रहेका छन् । यस क्षेत्रका प्रायः सबै विद्यार्थीहरु उच्च शिक्षा एवम् स्तरीय शिक्षाको लागि वडा नं ३ मा नै आउने गर्दछन् । पर्यटकका लागि यो वडा अन्य वडाहरुको तुलनामा विकसित र सुविधायुक्त छ ।

### १.२.३. प्रशासनिक क्षेत्र

नीलकण्ठ नगरपालिकाको पूर्वमा नुवाकोट जिल्ला, पश्चिममा ज्वालामुखी र सिद्धलेक नगरँपालिका, उत्तरमा नेत्रावती र त्रिपुरासुन्दरी नगरँपालिका र दक्षिणमा सिद्धलेक र गल्छी नगरँपालिका रहेको छ ।




**नगरपालिकाको अवस्थिति र वडाहरु**

साबिकको खाल्टे गाविस हाल नीलकण्ठ नगरपालिकाको १ र ५ नं. वडाको रुपमा, धुवाँकोट गाविस हाल १४ नं. वडा र ज्यामरुङ गाविस १० र ११ नं. वडाको रुपमा रहेका छन् ।

**नीलकण्ठ नगरपालिकाको साबिकको गाबिस र हालको नगर वडाहरुको विवरण**

| हालको वडा नं. | साविक नगरपालिका तथा गा.वि.स. | साविक वडा नं. | वडा कार्यालय |
|---|---|---|---|
| **१** | खाल्टे | १, ७-९ | पाल्ते |
| **२** | नीलकण्ठ | १, २ | बसाहा |
| **३** | नीलकण्ठ | ३ | नीलकण्ठ |
| **४** | नीलकण्ठ | ४ | गैरिनगरँ |
| **५** | खाल्टे | २-६ | खाल्टे |

| हालको वडा नं. | साविक नगरपालिका तथा गा.वि.स. | साविक वडा नं. | वडा कार्यालय |
|---|---|---|---|
| ६ | नीलकण्ठ | ५, ६ | सुनौलोबजार |
| ७ | नीलकण्ठ | ७ | हिटी, निबुवास्वरा |
| ८ | नीलकण्ठ | ८ | कुमालनगरँ |
| ९ | नीलकण्ठ | ९, १० | ज्यामिरे |
| १० | ज्यामरुङ | ४-७ | ज्यामरुङ |
| ११ | ज्यामरुङ | १-३, ८, ९ | ज्यामरुङ |
| १२ | नीलकण्ठ | १२ | रिजालडाँडा |
| १३ | नीलकण्ठ | ११, १३ | स्याउली |
| १४ | धुवाँकोट | १-९ | धुवाँकोट |

*स्रोतः नीलकण्ठ नगरपालिकाको कार्यालय*

### १.२.४ जलवायु

नीलकण्ठ नगरपालिकाको मध्य पहाडी क्षेत्रमा समशीतोष्ण हावापानी रहेको छ भने दक्षिणी क्षेत्रका बेसी तथा टारहरुमा समोष्ण हावापानी रहेको छ । नीलकण्ठ नगरपालिकाको अधिकांश क्षेत्रमा मानवीय गतिविधिको लागि अनुकूल हावापानी र मौसम रहेको छ भने केही पहाडी क्षेत्रमा भने जलवायुको अवस्था तुलनात्मक रुपमा कम अनुकूल छ । (स्रोतः जिल्लाको रुपरेखा र तत्कालीन जिल्ला विकास समितिको कार्यालय, धादिङ, २०७२)

### १.२.५ जनसंख्या र जनसंख्याको वितरण

नीलकण्ठ नगरपालिकाको १४ वटा वडामध्ये शहरी विकासका पूर्वाधार, जनसंख्या र जनसंख्या वृद्धिदरको आधारमा वडा नं. ३ र वडा नं. ४ को केहि अंशलाई मुख्य शहरी भागको रुपमा लिइएको छ भने अन्य १३ वटा वडाहरुलाई बाहिरी भागको रुपमा लिइएको छ । साबिकको नीलकण्ठ गाविसको क्षेत्र हालको वडा नं. ३ को रुपमा रहेको छ भने ज्यामरुङ्ग, खाल्टे, सांकोश, सुनौला बजार, धुवाँकोट र मुरलीभन्ज्याङ्ग गाविसको क्षेत्रहरु अन्य १३ वटा वडाहरुले ओगटेका छन् । मुख्य शहरी भागको रुपमा रहेको वडा नं. ३ को विगत दशकको (२००१-२०११) जनसंख्या वृद्धिदर ३.४% रहेको थियो । नगरको बाहिरी भागमा, बिगत दशकको जनसंख्या वृद्धिदर ऋणात्मक रहेको थियो ।


जनगणना २००१ र २०११ को आधारमा यस नगरपालिकाको जनसंख्या र वृद्धिदर निम्नानुसार रहेको छः

## साबिकका गाविसहरुको बिगतको दुई दशकको जनसंख्या र वृद्धिदर

| साबिकको गाविस | २०११ | २०२२ | वृद्धिदर (%) |
|---|---|---|---|
| **नीलकण्ठ** | १४४८९ | २०१८२ | ३.४ |
| **ज्यामरुङ** | ७९२० | ६९९८ | -०.०१२ |
| **खाल्टे** | ७४८३ | ७१७७ | -०.००४ |
| **सांकोश** | ५५७९ | ५५२१ | -०.००१ |
| **सुनौला बजार** | ७२२६ | ६६२२ | -०.००८ |
| **धुवाकोट** | ५५३६ | ४७६२ | -०.१५ |
| **मुरली भन्ज्यांग** | ७४६३ | ७२५३ | -०.००३ |
| **जम्मा** | **५५६९६** | **५८५१५** | |

क्षेत्रफलको हिसाबले २३.९९ वर्ग किमी क्षेत्रफल भएको वडा नं. १४ सबैभन्दा ठूलो वडा हो भने वडा नं. ३ सबैभन्दा सानो वडा हो । तर, जनघनत्वको हिसाबले वडा नं. ३ सबैभन्दा बढी र वडा नं. १३ सबैभन्दा कम जनघनत्व भएको वडा हो । नगरका सबै वडामा पुरुषको तुलनामा महिलाको जनसंख्या बढी रहेको देखिन्छ । घरधुरीको आधारमा वडा नं. ३ सबैभन्दा बढी र वडा नं. १ सबैभन्दा कम घरधुरी भएको वडा हो । नगरपालिकाको विभिन्न वडाको जम्मा क्षेत्रफल, जनघनत्व, महिला-पुरुषको संख्या, जम्मा घरधुरी र जम्मा जनसंख्या निम्नानुसार रहेको छ ।

**नीलकण्ठ नगरपालिका भित्रका १४ वटा वडाहरुको जनघनत्वको विवरण :**




**चित्र २: वडा अनुसारको जनघनत्वको विवरण**

२०७२ सालमा यस नगरपालिकामा भएको घरधुरी सर्वेक्षण अनुसार जम्मा १४,२९३ घरधुरीमा ३४,०९६ पुरुष र ३६,२९३ महिला गरी कुल ७०,३८९ जना बसोबास गर्दछन् । स्रोत: भू-सूचना प्रणाली (GIS)

### १.२.५ भू-उपयोग

नीलकण्ठ नगरपालिकाको कुल १९९.८५ वर्ग किलोमीटर क्षेत्रफलमध्ये ९९.३१ वर्ग किमी क्षेत्रफल वनजंगल, ९४.०४ वर्ग किमी कृषियोग्य जमिन, ४.९३ वर्ग किमी आवासीय क्षेत्र, १.४० वर्ग किमी पानीले ढाकेको छ । ०.९५ वर्ग किमी भूभाग भने चट्टान, बालुवा, उद्योग र सैनिक क्षेत्रले ओगटेको छ ।

**क्षेत्रफलका हिसाबले भूउपयोगको विवरण**

| क्र.स. | भू-उपयोग | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | बनजंगलले ढाकेको जमिन | ९९.□□ | ४९.७३ |
| २ | कृषियोग्य जमिन | ९४.०□ | ४७.०५ |
| ३ | आवासीय क्षेत्र | ४.□□ | २.□□ |
| ४ | पानीको भाग | □□□□ | ०.४४ |
| ५ | अन्य | ०.९५ | ०.३८ |
| | जम्मा | १९९.८□ | १०० |

*स्रोत: भू-सूचना प्रणाली (GIS)*

पहाडी जिल्ला धादिङमा अवस्थित नीलकण्ठ नगरपालिकाको अधिकांश क्षेत्र पहाड र भिरालो जमिनले ओगटेको छ । झन्डै ५ प्रतिशत जमिनको भिरालोपन १५° देखि ३०° सम्म रहेको छ भने जम्मा ४ प्रतिशत जमिन मात्र समथर अथवा ५° भन्दा कम भिरालो रहेको छ ।

**जमिनको भिरालोपनको अवस्था**

| क्र.स. | भिरालोपना | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | ५° भन्दा कम | □□□□ | □□□□ |
| २ | ५° देखि १५° सम्म | □□□□□ | □□□□□ |
| ३ | १५° देखि ३०° सम्म | □□□□□ | □□□□□ |
| ४ | ३०° देखि ४५° सम्म | □□□□□ | □□□□□ |
| ५ | ४५° भन्दा बढी | □□□□ | □□□□ |
| | | □□□□□□ | |

*स्रोत: स्थलरूप नक्शा, नापी विभाग*

### १.२.६ आवास

निलकण्ठ नगरपालीकाको अधिकांस क्षेत्र ग्रामिण प्रकृतिको छ र ति स्थानहरुमा बनेका आवासिय घरहरु पनि ग्रामिण जनजीवनसंग मेल खाने प्रकृतिको नै छ। सामान्यतया ग्रामिण भेगका आवासिय घरहरु एक देखि दुइ तल्लाका छन् । ढुंगा माटोको जोडाइमा बनेका घरहरुको छानामा स्लेट ढुंगाले छाइएको छ । Load bearing Structure मा बनेको घरहरु नगन्य मात्रामा छन् ।

तल्लो बजार तथा बीच बजारमा बनेका आवासिय घरहरु पुरै आवासीय प्रयोजनको लागि मात्र उपयोगमा नभई मिश्रित रुपमा व्यापारिक प्रयोजनमा समेत उपयोगमा आइरहेको छ। बजार क्षेत्रमा रहेका आवासीय घरहरु दुइतल्ला देखि पाँचतल्ला सम्मका छन । ग्रामिण क्षेत्रबाट अवसर तथा शिक्षाको लागि बजारमा आएर बस्ने चलन बढेको छ जसले गर्दा बजार क्षेत्रका अधिकांश घरहरुमा कोठा भाडामा दिने प्रचलन रहेको छ ।

गोरखा भुकम्पबाट यस नगरपालिकाका करिब ८००० घरहरु भत्केका थिए जुन अहिले पुनर्निर्माणको चरणमा रहेका छन् । अहिलेको भवन निर्माणको अभ्यास हेर्दा डन्डी सिमेन्ट प्रयोग गरिने आरसीसी प्रविधिको प्रयोगको क्रम बढेको छ । नगरको मुख्य शहरी क्षेत्रका सबैजसो घरहरु आरसीसी प्रविधिमा आधारित छन्। नगरको बाहिरी भागमा भने भवन निर्माणको प्रवृत्ति मिश्रित रहेको छ। नगरको अधिकांश क्षेत्र भूकम्पबाट क्षतिग्रस्त रहेको छ जसमा पुनर्निर्माणको काम भइरहेको छ । भुकम्प पश्चात् संचालित विभिन्न जनचेतनामुलक कार्यक्रम र भवन निर्माण मापदण्डको कडा पुर्बक गरिएको कार्यान्वायनले हाल बनिरहेका र अब बन्ने घरहरु भुकम्प प्रतिरोधी प्रविधिमा आधारित रहेका छ । पुनर्निर्माणको क्रममा निर्माणाधीन धेरैजसो घर तथा भवनहरुमा आरसीसी प्रविधि प्रयोग भइरहेको छ। यसरी निर्माण भइरहदा नगरँ क्षेत्रमै उपलब्ध निर्माण सामग्री निरुत्साहित हुन गई आयातीत निर्माण सामग्रीको प्रयोग अत्याधिक मात्रामा हुनु यस नगरपालिकाको लागी निकै चुनौतीपूर्ण रुपमा रहेको छ।

## १.३. क्षमता विकास योजनाको उद्देश्य :

### क्षमता विकासको उद्देश्य

- नगरपालिकाद्वारा गरिने सेवा प्रवाह र विकास निर्माणका कामहरु उपयोगी, प्रभावकारी एवं दक्षतासाथ सम्पन्न गर्न आवश्यक पर्ने सीप, क्षमता र कार्यशैलीमा सुधार ल्याउने ।
- नगरपालिकालाई आगामी भविष्यमा आइ पर्ने चुनौतीलाई सामना गर्ने सक्ने गरी पालिकामा कार्यरत जनशक्तिको क्षमता, सीप तथा हौसला अभिवृद्धि गर्न विभिन्न प्रकारका तालिम एवं अभिमुखीकरण कार्यक्रमको पहिचान गर्ने ।

### उद्देश्यको सूचकः

• क्षमता विकास योजना अवधिको अन्त्यमा स्थानीय विकास प्रक्रिया, सेवा तथा सुविधाको पहुँच कम भएका समुदाय एवं विपन्न वर्ग लगायत स्थानिय उपभोक्ताको सहभागितामा वृद्धि भएको हुनेछ ।

### यस योजनाको सहायक उद्देश्यहरु देहायबमोजिम छन् :

- योजना तर्जुमा (आवधिक, मध्यमकालिन, वार्षिक एवं नीति तथा कार्यक्रम) कार्यान्वयन र अनुगमन

मूल्याङ्कन तथा सिकाइ उपलब्धीलाई दिगो एवं प्रभावकारी बनाउने ।

- वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहीता वहन गर्ने क्षमतामा सुधार ल्याउने ।
- नगरपालिकाको कार्य सम्पादन प्रकियालाई प्रणालीबद्ध बनाउने।
- आयका अन्य स्रोतहरु पहिचान गरी नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्ने ।
- कार्य सम्पादनमा सुधार ल्याउन भौतिक सुविधा, कार्यालय सुरक्षा, सरसफाइ तथा सूचना प्रविधि जस्ता विषयहरु सुदृढ बनाउदै लैजाने।
- पदाधिकारी तथा कर्मचारीको कार्यशैली, कार्यव्यवहार तथा अन्तरसम्वन्धलाई सुदृढ बनाउन नयाँ सार्वजनिक व्यवस्थापनका आयामहरु अपनाउने।
- समावेशी तथा सहभागितात्मक अवधारणाको अभ्यास गर्न नगरपालिकाले आफ्ना साझेदारहरुसँग संयुक्त प्रयास गर्ने ।
- पालिका भित्रका चल, अचल लगायत प्राकृतिक सम्पत्तिको अभिलेख, संरक्षण, सम्भार र परिचालन गर्ने संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार बीच समन्वय र अन्तर-सम्बन्ध बलियो बनाउने।

## सहायक उद्देश्यका सूचकहरु :

- क्षमता विकास योजनाको अन्त्य (आ.व. ०८१/८२) सम्ममा स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ बमोजिम स्वमापनमा यो नगरपालिकाले उच्चतम अंक प्राप्त गरेको हुनेछ ।
- आन्तरिक राजस्वको परिचालनमा आधार वर्ष (आ.व. ०७८/८९) को तुलनामा अत्यधिक रुपमा वृद्धि भएको हुनेछ ।
- नगरपालिकाद्वारा संचालित योजना/कार्यक्रमहरु मध्ये अधिकांश (कम्तीमा तीन चौथाई) योजना कार्यक्रमहरु लक्षित लागत एवं समयमा सम्पन्न भएका हुनेछन्।
- क्षमता विकास योजनाको अन्त्यमा सेवा तथा सुविधामा पहुँच कम रहेका समुदाय एवं विपन्न वर्गको सहभागितामा आधार वर्षको न्यूनतम एक चौथाईले वृद्धि भएको हुनेछ ।
- योजनाको अन्त्यमा स्थानीय सेवा प्रवाह सम्वन्धि गुनासो गुणात्मक एवं परिमाणात्मक रुपमा कमी आएको हुनेछ ।

## १.४. क्षमता विकास योजनाको औचित्य

गरिबी न्यूनिकरणमा योगदान पुऱ्याउन समावेशी, जवाफदेही र उत्तरदायी शासनको प्रवर्धन गर्नु पर्दछ । यसबाट नगरपालिकाबासीलाई सेवा र सुविधा उपरको पहुँच पनि सुनिश्चित हुन्छ । यसका लागि स्थानीय तहमा सेवा तथा सुविधा प्रवाह तथा विकास कार्यमा प्रत्यक्ष रुपमा संलग्न स्थानीय तहहरुको क्षमता विकासमा जोड दिन आवश्यक छ । यसर्थ हाल कार्यान्वयनमा आइरहेका क्षमता विकास सम्बन्धी रणनीति र कार्यक्रमहरुको समिक्षा गरी परिष्कृत एवं परिमार्जित रणनीति, कार्यक्रम तथा प्रक्रिया र योजनाको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नु नै योक्षमता विकास योजनाको आवश्यकता रहेको छ । विगतमा क्षमता विकासका प्रयासहरु भएपनि त्यसको कार्यान्वयनको लागि ठोस रणनीति भएको पाइदैन । सशक्त, स्पष्ट र कार्यमुखी क्षमता विकासको रणनीतिको अभावमा क्षमता विकासका कार्यक्रमहरु विगतमा केन्द्रबाट संचालित भएको हुँदा स्थानीय स्तरमा त्यसप्रति अपनत्व (Ownership) को अभाव देखियो । त्यसैगरी,

स्थानीय तहहरुको संस्थागत क्षमता बढ्न गएको अवस्थामा स्वमुल्यांकन कार्यविधि, २०७७ ले कल्पना गरेको पुर्ण क्षमतालाई अग्रगामी र प्रभावकारी बनाउन सकिन्छ ।

## १.५. अपेक्षित प्रतिफल

क्षमता विकास योजना तर्जुमा र कार्यान्वयन भएपछि यस पालिकाबाट संचालन हुने सेवा प्रवाह तथा विकास व्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि एवं प्रणालीको प्रयोग एवं अनुशरण भई नतिजामुखी प्रशासन संचालन भएको हुनेछ । यस क्षमता विकास योजनाबाट निम्न प्रतिफलको अपेक्षा गरिएको छ :

- संगठनात्मक संरचनामा देखिएको क्षमता अन्तराल पत्ता लगाई पालिकाले मानवीय संसाधन विकासको अवसर प्राप्त गर्नेछ ।
- कर्मचारीको रुची, चाहना तथा कार्यसम्पादनको स्तर एवं क्षेत्रलाई सम्वोधन गर्ने गरी क्षमता विकास कार्यक्रम कार्यान्वयनको आधार तयार हुनेछ ।
- मानव संसाधन विकासको प्राथमिकता निर्धारण गरी सो क्षेत्रमा उपलव्ध श्रोत विनियोजन गर्नका लागि ३ वर्षे क्षमता विकास कार्ययोजना प्रमुख आधार हुनेछ ।
- माग र आपूर्तिको आधारमा क्षमता विकास कार्ययोजनालाई वर्गिकरण गरी श्रोत साधन जुटाउन उपयुक्त अवसर प्राप्त हुनेछ ।
- मुलुकमा संघीयता कार्यान्वयनका लागि स्थानीय स्तरबाट हुने योगदान गर्न पालिका सक्षम हुनेछ ।
- पालिकाको क्षमता विकासको साथै समुदाय र सरोकारवालहरुलाई उनीहरुको कार्य सम्पादन स्तरमा समेत वृद्धि हुने अवसर प्राप्त हुनेछ ।
- पालिकाबाट तयार हुने आर्थिक तथा वित्तिय एवं भौतिक प्रतिवेदनहरु समयबद्ध रुपमा तयार एवं सार्वजनीकिकरण हुनेछन्।

## १.६. प्रयुक्त विधि र प्रकृया

नीलकण्ठ नगरपालिका तथा सरोकारवालाहरुको सक्रिय सहभागितामा क्षमता विकास योजना तर्जुमा गरिएको छ। यो योजना तर्जुमा गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ आधार दस्तावेज मानिएको छ । किनभने स्थानीय तहको क्षमता स्वमुल्यांकन गर्न कार्यविधि नै तय भएको र यसले भविष्यमा नेपाल सरकार तथा प्रदेश सरकारबाट जाने चारै प्रकारका अनुदान प्राप्तीमा सकारात्मक भूमिका खेल्नेछ र पालिकाको आन्तरिक आय वृद्धिमा यसले कोशेढुंगाको काम गर्नेछ । प्रस्तावित यस क्षमता विकास योजना तर्जुमाको सिलसिलामा चेकलिस्ट तथा प्रश्नावली प्रयोग गरि नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुसँग प्रत्यक्ष भेटघाट, टेलिफोन, इमेल, लगायतका माध्यमबाट छलफल, परामर्श, अन्तर्क्रिया एवं अवलोकन जस्ता सहकार्यात्मक विधिहरु अपनाइएको थियो । यी विधिहरुबाट नगरपालिकाको वस्तुस्थिति विश्लेषण गरि पालिकाले सम्पादन गर्ने देहायका १० कार्य क्षेत्रहरुको विद्यमान क्षमता र अवस्थाको अध्ययन गरिएको थियो । यी क्षेत्रहरुमा पालिकाको क्षमता अन्तराल मिहिन ढंगबाट अध्ययन गरिएको थियो । क्षमता अन्तराल पहिल्याइएपछि क्षमता विकासका आवश्यकताहरु पहिचान गरियो । यसरी पहिचान गरिएका ती क्षमता विकासका आवश्यकतालाई समय तथा स्रोतबद्ध गरी कार्यान्वयन योग्य कार्यतालिका तयार गरी प्रतिवेदनमा पेश गरिएको छ । यसैको आधारमा क्षमता विकासको तीन वर्षे कार्ययोजना तयार गरिएको छ । नगरपालिकाले सम्पादन गर्ने १० कार्य क्षेत्रहरु

यसप्रकार छन् :
(१) शासकीय प्रबन्ध,
(२) सगठन तथा प्रशासन,
(३) वार्षिक बजेट तथा योजना व्यवस्थापन,
(४) वित्तिय एवं आर्थिक व्यवस्थापन,
(५) सार्वजनिक सेवा प्रवाह,
(६) न्यायिक कार्य सम्पादन,
(७) भौतिक पूर्वाधार,
(८) सामाजिक समावेशीकरण,
(९) वातावरण संरक्षण तथा विपद्व्यवस्थापन,
(१०) सहकार्य र समन्वय ।
उपरोक्त दश कार्यक्षेत्रहरुलाई व्यवस्थापकीय दृष्टिले देहायका चौविस उपक्षेत्रहरुमा वर्गिकरण गरी यिनीहरुको विषद रुपमा व्यापक विश्लेषण गरी प्रत्येक क्षमताको लेखाजोखा गरिएको छ र यसैको आधारमा क्षमता विकास योजना तर्जुमा गरिएको छ । उपरोक्त २४ उपक्षेत्रहरु यसप्रकार छन्:
(१) योजना व्यवस्थापन, (२) सार्वजनिक वित्त व्यवस्थापन, (३) स्थानीय उद्यमशिलताको विकास, (४) जनशक्ति अवस्था, (५) शिक्षा व्यवस्थापन, (६) न्यायिक कार्यसम्पादन, (७) सामुदायिक परिचालन, (८) सामाजिक सुरक्षा, (९) फोहरमैला व्यवस्थापन, (१०) भवन निर्माण मापदण्ड, (११) पूर्वाधार निर्माण तथा व्यवस्थापन, (१२) उपभोक्ता समिति, (१३) बस्ती विकास, (१४) नागरिक बडापत्र तथा कार्यसंस्कृति, (१५) अधिकार प्रत्यायोजन, (१६) वातावरण व्यवस्थापन, (१७) जनस्वास्थ्य तथा अस्पताल व्यवस्थापन, (१८) सूचना प्रविधिको प्रयोग, (१९) सुशासन तथा सेवा प्रवाह, (२०) आन्तरिक आय व्यवस्थापन, (२१) शहरी विकास, (२२) बेरोजगारको व्यवस्थापन, (२३) विपद् व्यवस्थापन र (२४) विविध ।

नीलकण्ठ नगरपालिकाको क्षमता विकास योजनाको तर्जुमा देहायका प्रकृयाहरु पुरा गरिएको थियो।

### १.६.१. सन्दर्भ सामग्री पुनरावलोकन

नगरपालिकाको क्षमता विश्लेषण गर्ने सन्दर्भमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, अर्थ मन्त्रालयद्वारा जारी गरिएका बजेट तर्जुमा दिग्दर्शन एवं कार्यसंचालन निर्देशका, २०७७, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, नीलकण्ठ नगरपालिकाको विभिन्न आर्थिक वर्षका विनियोजन तथा आर्थिक ऐनहरु, महालेखा परिक्षकको कार्यालयबाट दर्शाइएका बेरुजु एवं कैफियतहरु, गण्डकी प्रदेश सरकारका प्रचलित कानुन एवं मापदण्डहरु, प्रदेश नीति तथा अनुसन्धानका दस्ताबेजहरु लगायत क्षमता विकाससँग सम्बन्धित स्वदेशी विदेशी पुस्तक एवं जर्नलहरुको अध्ययन एवं पुनरावलोकन गरियो । साथै, सूची विकास, प्रश्नावली एवं डिस्कसन नोट आदी तयार गरी विभिन्न माध्यमबाट तथ्यांक एवं सूचना संकलन गरियो । नगरपालिकाको नगरपालिकासभाबाट पारित आ.व. २०७६।७७ को नीति तथा कार्यक्रम र बजेट, सातौ नगरपालिकासभाबाट पारित आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम र बजेट पुस्तिका अध्ययन गरियो । त्यसैगरी, पालिकाको आ.व. २०७७।७८ को बजेट तथा कार्यक्रमको वार्षिक प्रगति समीक्षाको दस्ताबेजको पनि अध्ययन गरियो । अध्ययनको क्रममा विविध आर्थिक वर्षका आर्थिक ऐन तथा विनियोजन ऐनहरु अध्ययन गरियो । आर्थिक कार्यविधि ऐन तर्जुमाको क्रममा रहेकोले संघीय आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियमावली २०७६ लागु रहेको देखियो ।

### १.६.२. क्षमता विकासको रणनीति तथा योजना तर्जुमा प्रक्रिया बारे छलफल

नगरपालिकाको क्षमता विकास योजना तर्जुमाका सन्दर्भमा प्रत्यक्ष भेटघाट, अन्तरक्रिया, टेलिफोन, इमेल, वेवसाइट, पत्राचार आदि तथ्यांक एवं सूचना संकलन गरिएको थियो । त्यसैगरी, थप सुचना तथा तथ्यांक संकलन गरी नतिजामा पुग्न स्थलगत भ्रमण समेत सम्पन्न गरिएको थियो । स्थलगत भेटमा नगरपालिका उपप्रमुख, नगरपालिका प्रमुख प्रशासकीय अधिकृत लगायत शाखा प्रमुख, विषयगत शाखा प्रमुखहरुसँग अन्तरकृया एवं छलफल गरी पालिकाको विभिन्न पक्षहरु बारे जानकारी प्राप्त गरिएको थियो ।

### १.६.३. नगरपालिकाको विद्यमान क्षमताको विश्लेषण

क्षमता विकास योजना तर्जुमा गर्ने सन्दर्भमा संविधान, ऐन, कानुन, नीति, नियम, दिग्दर्शन, परिपत्र, निर्देशिका, मापदण्ड लगायतका द्धितिय स्रोतबाट प्राप्त सामग्री अध्ययन गरियो । यसको अतिरिक्त पालिकाका विभिन्न पदाधिकारी कर्मचारीहरुसँग छलफल तथा अन्तरकृयाबाट पालिकाको विद्यमान क्षमताको अवस्थाबारे जानकारी प्राप्त गरियो ।

## १.७. अध्ययनका सीमाहरु

- तुलनात्मक रुपमा समय सिमाको अध्ययन, कोभिडको समस्या र भौगोलिक विकटता, अवरुद्ध यातायात सेवा लगायतका विषयहरु यो अध्ययनका सीमा हुन्।
- कार्यशर्त अनुसार अन्तिम प्रतिवेदन पेश गर्ने अवधि २ महिनाको रहेपनि विभिन्न समस्याका कारण समन्वयमा कठिनाई, योजना निर्माणका क्रममा स्थानीय तहको निर्वाचन भै जनप्रतिनीधिहरु फेरिएको अवस्था र दुई कार्यकालका जनप्रतीनिधिका बिचको सहकार्यबाट छोटो अवधिको समन्वयमा यो योजना निर्माण कार्य सम्पन्न भएकोछ
- पालिकामा कार्यरत कर्मचारीहरु तथा पदाधिकारीहरु सँग छलफल र अन्तरकृयालाई मुख्य आधार मानि तयार पारिएकोले स्थानीय, वर्गीय एवम् समूहगत सवै विषय समेटिनबाट बञ्चित भएको हुन सक्छ ।
- यस योजना तयार भई कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तिय स्रोत साधनहरुको उपलब्धता बारे विभिन्न सिमा र बन्देज हुने चूनौति रहेकोछ ।
- यस क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत साधन विभिन्न सरोकारवाला पक्षबाट प्राप्त हुने अपेक्षा गरिएको छ ।

## परिच्छेद २ :
## क्षमता विकासको आवश्यकता पहिचान र विश्लेषण

### २.१. क्षमता आवश्यकता पहिचान

कुनै पनि संस्थाको क्षमता विकास कार्यक्रम कार्यान्वयनको लागि आवश्यक वित्तीय तथा भौतिक श्रोत साधनको कमी स्वयंमा एक चुनौती रहेको हुन्छ । योजना विनाको कार्यान्वयन फितलो हुन्छ भने योजना बनाई सो कार्यान्वयन हुन नसक्नु पनि ठीक हुँदैन । यस पालिकाको आगामी तीन वर्षको क्षमता विकास कार्ययोजना तर्जुमा गर्दा क्षमता विकासको आवश्यकता पहिचानको पक्षलाई ध्यान दिइएको छ । नगरपालिकाको विद्यमान शासकीय प्रबन्ध, व्यवस्थापकीय क्षमता, संगठनात्मक स्वरुप, वित्तिय अवस्था,

सुशासनको व्यवस्था तथा विभिन्न सरोकारवालाहरुसँगको समन्वय र सहकार्यको अवस्थाको पहिचान गर्नु क्षमताको आवश्यकता पहिचान गर्नु हो । पालिकाको यो क्षमता विकास कार्ययोजना सफल र उदाहरणीय बन्न सकोस् भन्ने अभिप्रायले पालिकाका निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारवालाहरुसंग छलफल गरी जुटन सक्ने श्रोतको अनुमान तथ्यपरख रुपमा प्रस्तुत गरिएकोले यसको अपनत्व वृद्धि हुन गई सफलताको विश्वास लिन सकिने अपेक्षा राखिएको छ ।

## २.२ क्षमताको बर्तमान अवस्था र क्षमता पहिचानः


कुनै पनि संस्थाको क्षमता विकास योजना तयार गर्दा त्यो संस्थाको वर्तमान अवस्था र क्षमताको पहिचान गर्नु आवस्यक हुन्छ । बर्तमानमा विद्यमान जनशक्ति, साधन श्रोतको अवस्था, संस्थाले गर्नुपर्ने काम, कर्तब्यको बोध र सो का लागि आवस्यक क्षमताको पहिचान भएमा मात्र थप क्षमता विकासका लागि आवस्यक योजना, रणनीति र श्रोत ब्यवस्थापन गर्न सकिन्छ । यसका लागि नीलकण्ठ नगरपालिकामा विद्यमान जनशक्ति, नगरपालिकाले गरेको संगठन तथा ब्यवस्थापन सर्वेक्षण अनुसार कार्यबोझका आधारमा पहिचान गरिएको कर्मचारीहरुको दरबन्दी संख्या, सांगठनीक संरचना, विषयगत शाखाहरुको ब्यवस्था, विभिन्न शाखाबाट नगरपालिकाले प्रवाहगर्ने सेवा प्रवाह तथा काम कर्तब्य लगायतका विषयमा यथार्थ तत्थ्य संकलन गरि विद्यमान क्षमता पहिचान गर्ने प्रयास गरिएकोछ । नीलकण्ठ नगरपालिकाको संगठनात्मक ढांचा, कर्मचारी दवरन्दी विवरण, विषयगत शाखा र तीनका कार्यविवरण नगरपालिकाले गरेको संगठन तथा ब्यवस्थापन सर्भेक्षणको अध्ययन गरि तपशिल बमोजिमको जनशक्ति क्षमता भएको पाइएकोछः

### नगरकार्यपालिका र वडा सहितको कूल दरबन्दी **संख्या**

| **क्र. सं.** | **श्रेणी/तह** | **संख्या** |
|---|---|---|
| १ | | |
| २ | अधिकृतस्तर | ९ जना |
| ३ | सहायकस्तर | ५८ जना |
| | श्रेणीविहिन | १४ जना |
| | **जम्मा** | **८१ जना** |

माथिको दरबन्दी तेरिजलाई जनशक्तिको स्तर र क्षमता विकास प्रयोजनका लागि श्रेणीगत रुपमा तपशिल बमोजिम बर्गिकरण गरि स्तर र संख्याको पहिचान गरिएकोछः

सांगठनिक संरचना, नीलकण्ठ नगरपालिका



नीलकण्ठ नगरपालिकामा कार्यरत जनशक्तिलाई क्षमता विकास स्तरका हिसाबले अधिकृत, सहायक र श्रेणीविहिन गरि निम्नानुसार ३ तहमा बर्गिकरण गरि उनीहरुको समग्र क्षमता स्तर पहिचान तथा बृत्तिविकास कार्यक्रम सञ्चालन गर्न सकिने गरि बर्किकरण गरिएकोछ ।

संस्थागत नेतृत्व क्षमता, ब्यवस्थापकीय शीप र अधिकृत स्तरको निर्देशन तथा ब्यवस्थपन क्षमता विकास गरि नगरपालिका स्तर र विभागीय स्तरको नेतृत्वविकास एवं क्षमता विकास कार्यक्रम पहिलो समूहमा, निर्देशनको पालना सहित तोकिएको जिम्मेवारी प्रभावकारी रुपमा सम्पन्न गर्न, सेवाग्राही संगको मैत्रीपूर्ण ब्यवहार र आवस्यक ब्यक्तिगत शीप विकास गरि सेवाप्रवाहमा प्रभावकारीता बृद्धि गर्न दोश्रो समूह र कार्यालयको समग्र वातावरण शान्त, चुस्त, सफा, सुरक्षित र सेवाग्राहीको समग्र हित र छरितो सेवाका लागि सहजिकरण गर्न आवस्यक अभिप्रेरणा, ज्ञान, निर्देशन पालना तथा उत्प्रेरणा अभिबृद्धि गर्न तेश्रो समूहमा तालिम, मोटिभेशन, परामर्श तथा विषयगत ज्ञान सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहज हुन सक्छ । कर्मचारीहरुको बर्गिकरणबाट लक्षित जनशक्तिमा सुहाउँदो विषयका कार्यक्रम र्‍यांकीङ अनुसार सञ्चालन गर्न कार्यरत सम्पूर्ण कर्मचारीहरुको ३ वटा स्तर निर्धारण सहज हुन सक्छ । यस अलावा विषयगत शाखा अनुसार र कर्मचारीको कार्यविभाजन समूह अनुसार समेत कार्यविवरण र काम कर्तब्यको विषयमा विभागीय रुपमा समेत कार्यरत जनशक्तिको समूह विभाजन गरि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न सान्दर्भिक हुन सक्दछ ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकामा सम्पादन गर्नपर्ने काम र अधिकारलाई तपशिल बमोजिम राखिएकोछ । काम र अधिकारको यो सूचिबाट जनप्रतीनिधि र कार्यरत जनशक्तिमा कुन स्तरको क्षमता विकास गर्न आवस्यक छ भन्ने कुरा निर्धारण गर्न सहज हुन सक्छ:

**स्थानीय सरकार संचालन ऐन बमोजिम नगरपालिकाले सम्पादन गर्नुपर्ने कार्यहरू**

| |
|---|
| अग्नीशमन यन्त्र सञ्चालन तथा व्यवस्थापन |
| एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन |
| शव व्यवस्थापन (समेत वेवारिश), शव दाहगृह, शवदाहस्थल, चिहान र शव वाहन सञ्चालन तथा व्यवस्थापन |
| महामारी, सरूवा रोग नियन्त्रणमा सहयोग र समन्वय |
| फोहरमैला व्यवस्थापन ) संकलन,पुनर्उपयोग,प्रशोधन, विसर्जन लगायत जनचेतना अभिबृद्धि |
| <u>नगर प्रहरी</u><br>• नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन )सङ्घीय(कानून प्रदेश तथा |

| |
|---|
| • नगर ट्राफिक व्यवस्थापन ( पार्किङ , अनुमति , संकेत चिन्ह , समन्वय र साझेदारी )<br>• नागरिक सुरक्षा ( व्यक्तिगत सुरक्षाकर्मी ) |
| नगर यातायात सेवा सञ्चालन |
| सार्वजनिक शौचालय निर्माण सञ्चालन |
| पशुवधशाला निर्माण तथा सञ्चालन |
| खाद्य गुणस्तर ) खाद्यान्न र खाद्य पदार्थको गुणस्तर नापतौल,मासुजाँच लगायत( |
| उपभोक्ता हित संरक्षण ( पक्षहरू सवै सम्वन्धी हित उपभोक्ताको ) |
| व्यक्तिगत घटना दर्ता जन्म), मत्यु, विवाह विच्छेद सम्वन्ध ,सराई वसाई, आदि( |
| विपद् जोखिम न्यूनीकरण, खोज तथा उद्धार सहयोग (DRR Plan श्रोत साधनको व्यवस्था, समन्वय, पूर्व सूचना प्रणाली स्थापना( |
| प्रकोप तथा महामारी समन्वय र सहयोग नियन्त्रणमा (समेत पशुपंछीजन्य तथा कृषि) |
| **आवश्यक** |
| स्थानीय खानेपानी सेवा व्यवस्थापन कार्यान्वयन र नियमन |
| ढल व्यवस् (समेत ढल सतह) थापन |
| स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन |
| स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी कार्यक्रम तर्जुमा ,कार्यान्वयन र नियमन |
| स्थानीय तटबन्ध, नदी तथा पहिरो नियन्त्रण रोकथाम तथा नदी व्यवस्थापन र नियमन |
| <u>शिक्षा</u><br>• विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, प्राविधिक शिक्षा<br>• शैक्षिक पूर्वाधार निर्माण र मर्मत संभार<br>• छात्रवृत्तिको व्यवस्थापन<br>• स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन तथा व्यवस्थापन |
| <u>स्वास्थ्य र सरसफाई</u><br>• आधारभूत स्वास्थ्य र सरसफाई सेवा सञ्चालन<br>• अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन<br>• स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास<br>• सुर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण<br>• ध्वनी, वायु प्रदुषण नियन्त्रण |
| <u>स्थानीय सामाजिक सुरक्षा</u><br>• जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन<br>• वालगृह, सेवा आश्रम, वृद्ध आश्रम सञ्चालन |
| सार्वजनिक खाली जग्गा सम्भार र उपयोग तथा व्यवस्थापन |
| पञ्जीकरण व्यवस्थापन<br>स्थानीय तहको तथ्याङ्कीय अभिलेख व्यवस्थापन |
| **विकास तथा प्रवर्द्धन सेवा** |

| |
|---|
| <u>कृषि</u><br>• कृषि तथा पशुपन्छी बजार तथा हाटबजार पूर्वाधार निर्माण<br>• सूचना, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा |
| औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्र सम्बन्धी |
| स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी नियमन |
| एफअनुमति सञ्चालन रेडियो .एम ., नवीकरण र नियमन |
| <u>शहर सौन्दर्यीकरण</u><br>• सार्वजनिकस्थल, पार्क, उद्यान, जैविक विविधता व्यवस्थापन<br>• सडक किनार वृक्षारोपण व्यवस्थापन र हरियाली प्रवर्द्धन<br>• साइनबोर्ड, होर्डिङ्बोर्ड व्यवस्थापन<br>• सँस्कृति प्रदुषण नियन्त्रण |
| प्राणी उद्यान सञ्चालन र स्थापना (चिडियाखाना) |
| क्रीडा मनोरंजनस्थल सञ्चालन |
| सामुदायिक, धार्मिक वन व्यवस्थापन |
| विपदव्यवस्थापन, पुननिर्माण : पुन र स्थापन : |
| भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |
| पुरातत्व, प्राचीन स्मारक र संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास |
| परम्परागरत जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन |
| स्थानीय गुठी व्यवस्थापन |
| भूउपयोग |
| राष्ट्रिय भवन संहिता र मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन |
| **क्षमता विकास कार्यक्रम** |
| **स्रोत साधन परिचालन र व्यवस्थापन सेवा** |
| कर, शुल्क, दैदस्तुर संकलन व्यवस्थापन |
| विभिन्न Office Automation System स्थापना |
| **प्रकृयागत सेवा** |
| घर निर्माण अनुमति |
| सबै प्रकारका सिफारिशहरू |
| तथ्यांक व्यवस्थापान |
| Online सेवा सञ्चालन |
| आवधिक, रणनितिक, वार्षिक योजना तर्जुमा |
| गैसस, सामुदायिक संस्था,क्लव सम्बन्धी |
| **सङ्गठन संरचना सम्बन्धी** |
| सङ्गठन संरचना निर्माण अध्ययन |
| कर्मचारी व्यवस्थापन |
| कर्मचारी ट्रेड युनियन सम्बन्ध समन्वय |

| |
|---|
| **सम्बन्ध, समन्वय सम्बन्धी सेवा** |
| राजकीय अतिथी, विदेशी पाहुना सत्कार |
| क्षेत्रीय तथा अन्तरराष्ट्रिय सम्बन्ध समन्वय |
| कुटनैतिक नियोग सम्बन्ध समन्वय |
| अन्तर प्रदेश, अन्तरमहानगर, महानगर नगर सम्बन्ध |
| **न्यायिक प्रणाली** |
| न्यायिक समितिको सचिवालय व्यवस्थापन |
| उजुरी गुनासो दर्ता, अभिलेख व्यवस्थापन |
| **व्यवस्थापकीय सेवा** |
| सभा तथा बैठक व्यवस्थापन |
| मर्यादापालन र मर्यादा पालक सम्बन्धी काम |
| स्थानीय कानून मस्यौदा तर्जुमा |
| नगरपालिका राजपत्र प्रकाशन |
| **सुपरिवेक्षण तथा अनुगमन र नियमन सम्बन्धी कामहरू** |

**मथि उल्लेखित कार्य सम्पादन गर्न नगरपालिकाको संगठन संरचना अनुसारका विभागीय कार्यविवरण निम्नानुसार रहेकोछः**

**१. कर्मचारी प्रशासन शाखा**

**क) स्थानीय सेवा तथा जनशक्ति विकास सम्बन्धी कार्यहरुः**

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन
- संविधानको धारा ३०२ बमोजिम समायोजन भई आउने कर्मचारीको व्यवस्थापन
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य
- नगरपालिकाको संगठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रबद्र्घन र नियमन
- मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा
- नगरपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन
- स्थानीय शान्ति समिति सम्बन्धी कार्यहरु ।

**ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी कार्यहरु**

- नगरपालिकाको लागि सार्वजनिक खरीद तथा अन्य बन्दोबस्तीका सामान सम्बन्धी विषय
- सेवा तथा निर्माण व्यवसायको सञ्चालन तथा व्यवस्थापन
- नगरपालिकाभित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय,

• पूर्बाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेख
• नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख
• नगरपालिकास्थित सरकारी सम्पत्तिको एकीकृत विवरण ।

**ग) स्थानीय तह, प्रदेश र संघसँगको सम्वन्ध र समन्वय तथा वडासँगको समन्वय सम्बन्धी कार्यहरु**

• संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता तथा प्रतिनिधित्व
• जिल्ला समन्वय समितिसँगको समन्वय
• वडा तहसँगको सम्पर्क र समन्वय
• पत्राचार, सभा, समारोह, शिष्टाचार

**घ) बैठक व्यवस्थापन सम्बन्धी कार्यहरु**

• कार्यपालिका तथा सभाको बैठक व्यवस्थापन
• कार्यपालिकाको निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन
• कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन

**ङ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यहरु**

• स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यबस्थापन तथा अनुगमन
• बजार तथा हाट बजार व्यवस्थापन
• उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
• स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन
• स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
• स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
• उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
• खाद्य पदार्थको गुणस्तर नियन्त्रण,
• खानेपानीको गुणस्तर नियन्त्रण,
• स्थानीय व्यापार प्रवद्र्घन सहजीकरण र नियमन,
• स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवद्र्घन र अभिलेखाङ्कन ।

**छ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण सम्बन्धी कार्यहरु**

• स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन
• उपाधी तथा विभुषण सम्वन्धी सिफारिश, अभिलेख

## ज) आर्थिक प्रशासन

• बार्षिक लेखा व्यवस्थापन, बजेट रुजु, सन्तुलन र परिचालन

- खर्चको फाँटवारी, कारोबार व्यवस्थापन
- समग्र लेखा प्रणाली सञ्चालन, बिल, भपाई र खर्चको श्रेस्ता ब्यवस्थापन
- आय ब्ययको सन्तुलन ब्यवस्थापन
- आन्तरिक राजश्व अशुली, नियमन र संस्थागत लगानी ब्यबस्थापन

**(झ)आन्तरिक लेखापरीक्षण शाखा**

- आन्तरिक तथा पूर्व लेखापरीक्षण
- लेखापरीक्षण विवरण (बेरुजूको लगत समेत) को अभिलेख व्यवस्थापन
- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण
- लेखापालनसम्वन्धी क्षमता विकास कार्य

**२. पूर्वाधार विकास शाखा**

**(क) सडक तथा यातायात व्यवस्था सम्बन्धी कार्यहरु**

- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार
- यातायात सुरक्षा व्यवस्थापन र नियमन
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन
- ट्याक्सी सेवा अनुमती, व्यबस्थापन र नियमन
- ट्रली बस, ट्रामजस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, योजना, मापदण्ड, कार्यान्वयन, नियमन
- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणालीको प्रवद्र्धन

- आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसंग समन्वय
- यातायात क्षेत्रमा लगानी अभिबृद्धि
- यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच
- यातायात क्षेत्रमा वाताबरणमैत्री प्रविधिलाई प्रोत्साहन
- निजी यातायात नियमन व्यवस्थापन

**(ख) उर्जा, सडक वत्ती व्यवस्थापन सम्बन्धी कार्यहरु**

- साना जलविद्युत आयोजना, नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्वन्धी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि/प्रबद्र्घन,
- विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन
- जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहुउपयोगी विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन
- सडक वत्तीको व्यवस्था

**(ग) सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी कार्यहरु**

- सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण र नियमन
- सिँचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,
- स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन
- जलउत्पन्न प्रकोप नियन्त्रण सम्वन्धी स्थानीय

- तटबन्ध, नदी नियन्त्रण तथा नदीे व्यवस्थापन र नियमन
- साना जल उपयोग सम्बन्धी आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन ।

**(घ) सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार र एफ.एम. सञ्चालन सम्बन्धी कार्यहरु**

- आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन
- एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन
- आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन
- अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग
- सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन
- बैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी
- सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन ।

**(ङ) खानेपानी व्यवस्थापन सम्बन्धी कार्यहरु**

- स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन
- सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन
- पानी मुहानको संरक्षण
- स्वच्छ खानेपानी आपूर्ति सम्बन्धी अन्य विषय ।

**(क) वन, वन्यजन्तु, भू–संरक्षण तथा जैविक विविधता संरक्षण सम्बन्धी कार्यहरु**

- वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वद्र्धन, उपयोग र नियमन
- वन उपभोक्ता समूहको व्यवस्थापन
- मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन
- नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन
- निजी तथा व्यवसायिक वनको प्रबद्र्घन र नियमन
- सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रबद्र्घन, प्रशोधन, र बजार व्यवस्थापन
- वनबीउ बगैँचा स्थापना, व्यवस्थापन र प्रवद्र्घन
- नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवद्र्धन
- वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन
- वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन
- स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन
- स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन
- स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन
- वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान
- रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन
- मिचाहा प्रजातिको नियन्त्रण

- जैविक विविधताको अभिलेख
- सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम
- भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन
- जलवायू परिवर्तन अनुकुलन कार्य
- आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रबद्र्धन, व्यवस्थापन

**(ख) वातावरण, पर्यावरण एवं जलाधारक्षेत्र संरक्षण सम्बन्धी कार्यहरु**

- स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्ययजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जूमा, कार्यान्वयन र नियमन
- बृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको प्रर्वद्धन
- वायु तथा ध्वनीको प्रदूषण नियन्त्रण
- हानिकारक पदार्थहरूको नियमन तथा नियन्त्रण
- वातावरणीय जोखिम न्यूनीकरण
- न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन
- वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन
- पहिरो नियन्त्रण
- जलवायू परिवर्तन अनुकुुलन कार्यक्रम

**(ग) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यहरु**

- फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन
- ल्याण्डफिल साईट व्यवस्थापन
- सरसफाई तथा स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन

- सार्वजनिक शौचालय व्यवस्थापन

**घ) विपद् व्यवस्थापन, बारुण यन्त्र, एम्वुलेन्स व्यवस्थापन सम्बन्धी कार्यहरु**

- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीयस्तरका आयोजनाको कार्यान्वयन र नियमन
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना
- विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय
- विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण
- विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य
- विपद् कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन
- विपद् पश्चात् स्थानीयस्तरको पुनस्र्थापना र पुनर्निर्माण
- विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी
- विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
- बारुण यन्त्र तथा एम्बुलेन्सको सञ्चालन तथा व्यवस्थापन
- स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली

**३. स्वास्थ्य शाखा**

- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन

- राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण
- राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन
- आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रबद्र्धन
- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन
- सरसफाई सचेतनाको अभिवृद्धि
- रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा
- औषधि पसल सञ्चालन र नियमन
- औषधिजन्य वनस्पति, जटीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन
- औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन
- औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण
- औषधि र स्वास्थ्य उपकरणको खरीद, भण्डाण र वितरण
- स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन
- जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)
- प्रवद्र्घनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्र्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवद्र्धन

- जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन
- सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन
- जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन
- सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम
- आकस्मिक स्वास्थ्य सेवा प्रवाह ।

## ४. शिक्षा शाखा

**(क) आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी कार्यहरु**

- प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन
- पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन
- विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार
- आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन
- विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन
- विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
- शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण

- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
- पुस्तकालय एवं पत्रपत्रिका
- स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन ।

**(ख) खेलकुद तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यहरु**

- स्थानीयस्तरमा खेलकूद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय
- खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास
- खेलकूदको विकास र प्रवद्र्घन
- खेलकूद प्रतियोगीता आयोजना र सहभागीता
- अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय ।

**५. सामाजिक विकास शाखा**:

**(क) सहकारी सम्बन्धी कार्यहरु**

- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन
- स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन
- सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- स्थानीय सहकारीको क्षमता अभिवृद्धि
- स्थानीय सहकारी क्षेत्रको प्रवद्र्घन, विकास र परिचालन ।

**(ख) उद्योग तथा उद्यमशिलता विकास र खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी कार्यहरु**

- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन

- लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवद्र्धन
- उद्यमशिलता प्रवद्र्धन
- व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन
- सीप विकास सम्बन्धी कार्यको प्रबद्र्धन ।
- खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,
- ढुङ्गा, गिटी, बालुवा, माटो, नुन, स्लेट, खरीढुङ्गा, फायरक्लेजस्ता खानीजन्य वस्तु सर्वेक्षण, अन्वेषण, उत्खनन्
- ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा, फायर क्ले,स्लेट तथा नुन, आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन
- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यबस्थापन
- भौगर्भिक नक्सा प्रकाशन ।

**(ग) रोजगार प्रर्वर्धन तथा गरिबी न्यूनीकरण सम्बन्धी कार्यहरु**

- गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन  र अध्ययन अनुसन्धान
- गरिबी निवारणको स्थानीय रणनीति तर्जूमा
- गरिब घरपरिवार पहिचानसम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन
- गरिबी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासँग सम्पर्क, समन्वय र सहकार्य
- रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना

- स्थानीयस्तरमा रहेका विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन
- पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन
- संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन
- सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन
- रोजगारीका अवसर सिर्जना सम्वन्धी
- युवा जागरण, सशक्तिकरण र परिचालन
- युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास
- जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य
- जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन
- सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन

**(च) गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन सम्बन्धी कार्यहरु**

- स्थानीयस्तरमा समाजकल्याण सम्वन्धी संघसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था) को दर्ता, नवीकरण तथा नियमन
- गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन
- निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य
- समन्वय र परिचालन

- सामाजिक संघसंस्था सम्बन्धी अन्य विषय ।

**(छ) सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यहरु**

- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान
- सङ्घ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन
- सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य
- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवं व्यवस्थापन
- आधुनिक प्रबिधिमार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदन
- महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन
- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण, क्षमता विकास
- लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवद्र्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना
- लैंगिक उत्तरदायी बजेट
- बालबालिकाको हकहीत संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र बालबालिकाको हकहीत संरक्षण
- बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल
- बालबालिकाको हकहीत संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य,

- बालबालिका परिवार सहयोग
- बैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन
- बाल न्याय
- बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन
- असहाय बालबालिकाका, सडक बालबालिका व्यवस्थापन
- बाल हिंसा नियन्त्रण
- बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमती र नियमन
- आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन
- अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण
- अपाँगता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन
- अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य ।
- एकल महिला सम्वन्धी कार्य

**(ज) संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रबद्र्धन सम्बन्धी कार्यहरु**

- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रबद्र्घन र विकास
- परम्परागरत रुपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन
- स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यबस्थापन
- पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवद्र्धन
- पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन

- पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरुको संरक्षण तथा सम्बद्र्धन
- भाषा, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रबद्र्धन र विकास ।

**६. आर्थिक प्रशासन शाखा**:

**आन्तरिक लेखापरिक्षण शाखा**:

- आन्तरिक तथा पूर्व लेखापरीक्षण
- लेखापरीक्षण विवरण (बेरुजूको लगत समेत) को अभिलेख व्यवस्थापन
- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण
- लेखापालनसम्वन्धी क्षमता विकास कार्य
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२ ) बमोजिम नगरपालिकाको समष्टीगत आय (राजस्व समेत) र व्यय (खर्च ) को आन्तरिकलेखा परीक्षण ,
- आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिकामा छलफलका लागि पेश गर्ने ,
- म.ले.प.बाट हुने नगरपालिकाको बार्षिक लेखापरीक्षण प्रतिवेदन सुरक्षित राख्ने,
- म.ले.प. र आ.ले.प. प्रतिवेदनले औल्याएका बेरूजुको लगत खडा गरी राख्ने र बेरूजु फर्छोट र सम्परीक्षणका आधारमा लगत कट्टाको गर्दै जाने ,
- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण ,
- लेखापालन सम्वन्धमा क्षमता विकास कार्यक्रम तर्जुमा र कार्यान्वयन ,
- नगरसभाबाट गठन हुने लेखा समितिको सचिवालयको काम ,

**७. योजना तथा अनुगमन शाखा**

**(क) योजना सम्बन्धी कार्यहरु**

- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन
- स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जूमा, अनुगमन तथा मूल्यांकन
- आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

- बार्षिक विकास कार्यक्रम, आयोजना तर्जुमा, कार्यान्वयन
- विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन
- विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन
- उपभोक्ता समितिको विवरण, क्षमता विकास
- विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण
- संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग
- विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

**(ख) अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्यहरु**

- विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा
- विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण
- आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन
- बिषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन

(ग) तथ्यांक व्यवस्थापन सम्बन्धी कार्यहरु

- तथ्याङक संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन
- स्थानीय तथ्याङक संकलन, प्रशोधन, अभिलेखिकरण तथा वितरण
- आधारभूत तथ्यांक संकलन र व्यबस्थापन ः जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्बाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिक एवं अभिलेख
- बेरोजगारको तथ्यांक संकलन
- स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान
- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन
- सम्पन्न भएका तथा चालू योजनाको विवरण

- बिषक्षेत्रगत सूचना, तथ्यांकको संकलन, अभिलेख
- प्रदेश तथा संघसँग तथ्यांक एवं सूचना आदानप्रदान र समन्वय
- सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको अभिलेख (प्रोफाईल) व्यबस्थापन
- नगरपालिकाको आवधिक तथा वार्षिक कार्यक्रम र बजेट स्वीकृति ।

४. **कृषि विकास शखा**

- कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवद्र्घन
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवद्र्घन, विकास तथा बजारीकरण
- कृषिसम्वन्धी वीमा र कर्जा सहजीकरण
- शीत भण्डारणको व्यवस्थापन
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण
- कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन
- कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण
- कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन
- पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

- पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन

**९. पशु विकास शाखा**

- पशुपक्षी पालन तथा स्वास्थ्य सम्वन्धी नीति, नियम, कार्यक्रम तर्जुमा र मापदण्ड निर्धारण,
- पशुनश्ल सुधार,विकास तथा व्यवस्थापनका कार्यहरू ,
- पशु चरनका लागि खर्कको विकास सम्वन्धी कार्यक्रम,
- पशु हाटबजारको विकास तथा विस्तार लगायत पशु बधशाला स्थापनका कार्यहरू ,
- पशुपक्षीको उपचार तथा बीमा र सहज कर्जा प्राप्तिका लागि प्रोत्साहन कार्यहरू ,
- मत्स्य विकास कार्यक्रम तर्जुमा र कार्यान्वयन र माछा पोखरी स्थापना प्रोत्साहन ,
- आधुनिक प्रविधि र सूचनामा आधारित पशुपक्षी हाटबजारको पूर्वाधार निर्माण, कृषकलाई प्राविधिक परामर्श, क्षमता विकासका तालिम एवं अभिमुखीकरण रप्रविधि विस्तारमा जोड,
- पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण
- पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,
- पशुनश्ल सुधार पद्धति विकास र व्यबस्थापन
- पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण
- स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन
- पशु आहारको गुणस्तर नियमन
- स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली
- पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

**१०. घर नक्सा पास उपशाखा**

**(क) भू–उपयोग तथा वस्ती विकास सम्बन्धी कार्यहरु**

- शहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन
- आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन

- नगरपालिकामा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- आधारभूत बसोवास सम्बन्धमा प्रदेश सरकारसँग समन्वय
- योजनाबद्ध र व्यबस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा कार्यान्वयन
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यबस्थापन
- आफ्नो क्षेत्रको भूउपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन
- व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- संघीय र प्रदेश कानुन बमोजिम स्थानीय तहमा सुकुम्वासी पहिचान र अभिलेख व्यवस्था
- स्थानीयस्तरमा सुकुम्वासी सम्वन्धी जीविकोपार्जन र वसोवास व्यवस्था
- एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन ।

**(ख) जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पुर्जा सम्बन्धी कार्यहरु**

- घरजग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन
- भूमिको वर्गीकरण अनुसारको लगत
- जग्गाको कित्ताकाट र भूमी लगत (नक्शा, स्रेस्ता) निर्माण र संरक्षण
- सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण
- जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता
- विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्व लगायत वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत

**(ग) भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत) सम्बन्धी कार्यहरु**

- भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन
- भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमन
- पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्बद्र्धन र पुनःनिर्माण,
- सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण र मर्मत संभार,

११. **कानून तथा फैसला कार्यान्वयन शाखा**:

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५ को सभाको व्यवस्थापन सम्वन्धी कार्यविधि अन्तर्गत दफा २० देखि दफा २३ सम्म उल्लेखित कार्य गर्ने,
- सोही ऐनको परिच्छेद १५ को दफा १०२ को उपदफा १,२, ३ र ४ मा उल्लेखित कार्यहरू सम्पादनमा कार्यपालिकालाई सहयोग र सहजीकरण गर्ने ,
- नगरपालिकाको क्षेत्राधिकारका सम्वन्धमा सम्मानित अदालत ,नगरसभा , कार्यपालिकाबाट जारी भएका आदेश, निर्णय कार्यान्वयन गर्ने ,
- नगरपालिकाको नाममा दायर भएको वा नगरपालिकाको तर्फबाट दायर मुद्दाको फिरादपत्र, जवाफ लेख्ने लगायत प्रचलित कानूनअनुसारका कार्यहरू गर्ने ,
- नगरपालिकाले मांग गरेको विषयमा काननी राय परामर्श दिने ,
- नगरसभाबाट गठन गरीएको विधायन तथा सुशासन समितिको सचिवालयको काम गर्ने,
- नेपालको संविधानको धारा २१७ अनुसार स्थानीय तहमा रहने न्यायिक समिति सम्वन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ मा व्यवस्था भए अनुसार न्यायिक समितिको अधिकार क्षेत्रका विषयमा न्यायिक निरूपणका लागि आवश्यक सहयोग, समन्वय गर्ने

## २.३. क्षमता विकास लेखाजोखा

नगरपालिकाको क्षमता आवश्यकता पहिचान गर्नु अगाडि हाल विद्यमान क्षमता स्थितिको लेखाजोखा गर्नु आवश्यक देखिन्छ । यस कार्यको लागि विषय विज्ञहरुले नीलकण्ठ नगरपालिकाको स्थलगत अध्ययन भ्रमण गरी पालिकाका उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, शाखाका कर्मचारीहरुसँग प्रत्यक्ष भेटघाट र अन्तरक्रिया गरी विवरण प्राप्त गरिएको थियो । यसैको आधार समेतमा गरिएको नगरपालिकाको दरबन्दी संख्या, संरचना, कार्य विवरण समेतको अध्ययन गरि नगरपालिकाको समग्र क्षमताको लेखाजोखा देहाय बमोजिम गरिएको छ ।

- बजेट तर्जुमामा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन अनुसारका ७ चरणलाई अनुसरण गर्दै टोल बस्ती देखिका सरोकारवालाहरु, सबै शाखाहरु त्था विषयगत समितिहरु संग पर्याप्त राय सुझाब र योजना प्रस्ताव संकलन गरि सहभागितात्मक रुपमा तर्जुमा गर्नु पर्ने ।
- आन्तरिक आयको वृद्धि तथा राजश्वका थप स्रोतको पहिचान एवं थप राजस्व प्राप्त गर्न पालिकाको व्यवस्थापकीय क्षमतामा सुधार गरि करको दायरामा ब्यापक बृद्धि गर्नुपर्ने देखिन्छ ।
- नगरपालिकाक्षेत्र भित्र रहेका सार्वजनिक जग्गा, सम्पदाहरु, खेतीयोग्य जमिन एवं अन्य सार्वजनिक संरचनाको अभिलेख अद्यावधिक गर्न जरुरी देखिन्छ । सो को लागि जनप्रतीनिधी र कर्मचारीको क्षमतामा तथा जागरुकतामा अभिवृद्धि हुन आवश्यक छ ।
- पालिकाको आवधिक योजनाको तर्जुमा गरि निर्दिष्ट क्षेत्रमा प्रतिफल अधिक हुने गरिमात्र योजना तर्जुमा गर्न निर्वाचित पदाधिकारीहरु तथा अन्य जनशक्तिको लागि आवश्यक पर्ने अनुशिक्षण, प्रशिक्षणको कार्यक्रम सञ्चालन गर्नु आवस्यक देखिन्छ ।
- नगरपालिका क्षेत्रमा संघीय सरकार, प्रदेश सरकार तथा अन्य निकायहरुबाट समेत योजना लागू गर्न आवश्यक समन्वय गरि एकिकृत रुपमा श्रोत बृद्धि गर्न जनप्रतीनिधि र नगरपालिकाको कर्मचारीको क्षमता अभिवृद्धि हुन आवश्यक देखिन्छ ।
- नगरपालिकाबाट दिनु पर्ने पर्ने सेवा प्रवाह तथा विभिन्न शाखाहरुले गर्नुपर्ने कार्यलाई प्रभावकारी बनाउन एकिकृत सफ्टवेयरको व्यवस्था गरी पालिकाको सम्पूर्ण कार्यलाई डिजिटाइजेशन गर्न आवश्यक देखिन्छ ।
- पालिकाका कार्यरत कर्मचारीको सीप, क्षमता र कार्यशैलीलाई सुधार गर्न विभिन्न प्रकारका व्यवस्थापकीय तथा नेतृत्व विकास सम्बन्धी तालिम तथा अभिमुखीकरणको आवश्यकता देखिन्छ
- क्षमता विकासको आयामहरु अन्तर्गत नगरपालिकामा संलग्न ब्यक्ति, संस्था र प्रणाली मा आवस्यकता अनुसारको क्षमता विकास र सुधार गरि लक्षित समुदायको हित र सन्तुष्टीलाई केन्द्र विन्दूमा राखेर काम गर्न हर हमेसा तयारी अवस्थामा रहनुपर्ने देखिन्छ ।

## २.४. क्षमता विकास अन्तराल (GAP)पहिचान र प्रस्तावित कार्यक्रम

नगरपालिकाको क्षमता आवश्यकता पहिचान गर्नु अगाडि हाल विद्यमान क्षमता स्थितिको लेखाजोखा गर्नु आवश्यक देखिन्छ । विषय विज्ञहरुबाट गोरखा नगरपालिकाको स्थलगत अध्ययन भ्रमण गरी पालिकाको मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, शाखाका कर्मचारीहरु, वडाध्यक्ष, वडा सचिवहरुसँग प्रत्यक्ष भेटघाट र अन्तरक्रिया गरी प्राप्त भएको विवरण अनुसार नगरपालिकाको क्षमता लेखाजोखा तथा अन्तराल पहिचान देहाय बमोजिम गरिएको छ :

(१) **मानव संसाधन अवस्था विश्लेषणः**

| **जिम्मेवारी वा पद** | **सम्पादन गर्नुपर्ने प्रमुख काम** | **कार्य सम्पादनको विद्यमान अवस्था( ज्ञान, सीप, दक्षता)** | **देखिएको अन्तराल (ग्याप)** | **गर्नुपर्ने क्षमता विकास (प्रस्तावित)** |
|---|---|---|---|---|
| नगरप्रमुख | सभाको कार्यसूचि, बैठक आव्हान र निर्णय कार्यान्वय, नगरपालिकाको समग्र नेतृत्व | बैठकको नियमित सञ्चालन, बार्षिक बजेटको समयमै पेश तथा पारित, नियमित नेतृत्व र निर्देशन | राष्ट्रिय मानकमा उल्लेनीय काम देखिन नसकेको, ठूला आयोजनाहरु उल्लेख्य नदेखिएको, समग्र नेतृत्व भिजिबल नभएको | ठूला र गौरबका आयोजनामा बजेट विनियोजन गर्ने आँट, भीजनरी कार्यक्षमता, राम्रा पालिकाहरुको एक्सपोजर भिजीट गरि ज्ञान हासिल |
| उपप्रमुख | विभिन्न समितिको संयोजक, अनुगमन र न्यायिक समिति प्रमुखभै काम गर्ने | न्यायिक समितिको संयोजकको रुपमा इजलास सञ्चालन, अनुगमन प्रमुख, गैसस र उपभोक्ता हित संरक्षण समितिको संयोजक, राजश्व परामर्श समितिको संयोजक एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक | न्यायिक रेकर्ड प्रणाली चुस्त नहुनु, नियमित प्रतिवेदन नबनाइएको, गैसस र उपभोक्ता हितमा खासै प्रभावकारी कार्यक्रम नभएको, बजेट तर्जुमामा आवस्यक चरण पुरा नभएको | न्यायिक निरुपणका लागि आवस्यक तालिम, कानूनी ज्ञान, अनुगम तथा मुल्यांकन मापदण्ड निर्माण गरि त्यसको नियमित पालनाको लागि इच्छाशक्ति र आत्म विश्वास बृद्धि, नेतृत्व विकास, ब्यवस्थापन तथा न्यायीक क्षमता विकास तालिम |
| वडा अध्यक्ष | वाड समितिको समन्वयकर्ता, सेवा प्रवाहको फोकल पर्सन, सिफारिश तथा प्रमाणिकरण, वाड भित्रको विकास निर्माणको नेतृत्व | वडा कार्यालयको कार्यकारी प्रमुखको रुपमा कार्यरत, कानून बमोजिमका सिफारिश तथा प्रमाणित कार्य निरन्तर, वडाको विकास निर्माणको नेतृत्व | वडामा नियमित सचिब नहुनु, प्राविधिक हरेक वडामा नहुनु र योजना अनुगमन, कार्यान्वयन र समिक्षा नियमित तथा पारदर्शि नहुनु | काम कर्तब्य, नेतृत्व क्षमता र सेवा प्रवाह सम्बन्धी तालिमको आवस्यकता । |
| कार्यपालिका सदस्य | कार्यपालिकाले तोकेको काम, विषयग समितिको संयोजक | विषयगत शाखा संग आवस्यक समन्वय, सम्बन्धित विषयमा कार्यपालिकालाई राय सुझाव दिने, कार्यपालकाले तोकेको काम गर्ने | कार्यपालिकाले तोकेर जिम्मेवारी नदिनु, बहुमत पुर्याउने माध्यम मात्र बनाउनु, कार्यपालिकाको निर्णय प्रक्रियामा | जिम्मेवारी ब्यवस्थापन, तोकिएको काममा सहजिकरण, नेतृत्व र समुहकार्य सम्बन्धी तालिम |

| | | | | |
|---|---|---|---|---|
| | | | अध्यक्ष सरहको अधिकार हो भन्ने ज्ञान नहुनु | |
| प्रमुख प्रशासकीय अधिकृत | बजेट पास भए पश्चात ७ दिन भित्र खर्चको अख्तियारी, प्रभावकारी बजेट कार्यान्वयन, प्रशासनीक प्रमुख, खरिद तथा लेखा उत्तरदायी भूमिका, अनुगमन तथा मुल्यांकन | कार्यपालिकाको सचिबको रुपमा नियमित कार्य, कार्यान्वयन प्रमुखको रुपमा काम गर्ने, आर्थिक कारोबारको अभिलेख राख्न लनगरने, कार्यपालिकाको मुख्य सचिबको रुपमा काम गर्ने गरेको | कार्यपालिका बैठक नियमित गर्नुपर्ने, शुसासन, सेवा प्रवाह र वित्तिय अनुसासन कायम राख्न अझ ध्यान दिनु पर्ने । | सुशासन ब्ययवस्थापन विशेष तालिम, नेतृत्व विकास, मोटिभेसन, टिम बिल्डीङ, बेरुजु फर्स्यौट तालिम तथा नमुना प्रशासन भ्रमण कार्यक्रम |
| **(२) विषयगत शाखाहरुको अन्तराल पहिचान** | | | | |
| **कर्मचारी प्रशासन शाखा** | समग्र कर्मचारी ब्यवस्थापन, आवधिक योजना निर्माण, बार्षिक बजेट तथा कार्यक्रम तयारी, सेवा प्रवाह र कार्यपालिका, सभाको निर्णय कार्यान्वयन, सहजिकरण, परियोजना बैंक तयार,सामाजिक परिक्षण र सार्वजनिक सुनुवाईको ब्यवस्था, कर्मचारीको कार्यविवरण तयारी | कर्मचारीको ब्यक्तिगत प्रोफाइल राख्ने गरिएको, कार्य विवरण र विदा रेकर्ड, कूल स्वीकृत दरवन्दीमा केहि पद रिक्त रहेको, संघीय निजामति आचार संहिता लागू भएको, कार्यपालिकाले तोकिएको जिम्मेवारी अनुसार काम भएको | एकिकृत नगरपालिकाविकास योजना भए पनि आवधिक योजना निर्माण नभएको, पदाधिकारी र कर्मचारीको आचार संहिता नबनेको, आवस्यक मध्यकालिन खर्च संरचना नबनेको, अन्तरशाखा समन्वयमा कमि, शाखागत कार्यविवरण अनुसारको दक्षतामा कमि | शाखागत कार्यविवरण अनुसारको क्षमता विकास तालिम, सुसासन, सूचनाको हक र सेवा प्रवाह सम्बन्धी तालिम, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सेगाग्राही मैत्री ब्यवहारका लागि मोटिभेशनल कार्यशाला आयोजना गर्नुपर्ने |
| **पूर्वाधार विकास शाखा** | शहरी विकास तथा बस्ती विकास सम्बन्धी नीति तयार,भवन | नगरपालिकासभाबाट विनियोजित पुर्वाधार बजेट कार्यान्वयनमा लागत अनुमान, | सडक गुरुयोजना नबनेको, नक्सापास कार्यविधि राष्ट्रिय भवन संहिता | सडक गुरुयोजना, भवन निर्माण तथा सडक मापदण्ड, भ्द्यएक कार्यान्वयन, प्राविधिक |

| | | | | |
|---|---|---|---|---|
| | निर्माण सम्बन्धी मापदण्ड, सडक, पुल पुलेसा र अन्य भौतिक निर्माण कार्य | निरिक्षण तथा अनुगमन भएको, नक्सापास, इन्जिनियरिङ सेवा लगायत पुर्वाधारजन्य योजना सहजिकरण भैरकेको | अनुरुप नभएको, भ्द्यएक लागु नभएको, यातायात तथा सवारी व्यवस्थापन कार्यविधि नभएको, जोखिम संवेदनशिल भू उपयोग योजना नभएको | क्षमता विकास कार्यक्रम, प्राविधिक कार्यको विधागत विभाजन गरि सो अनुसार जनशक्ति तयार गर्नुपर्ने |
| **स्वास्थ्य शाखा** | नगरपालिका अस्पताल सञ्चालन, आधारभूत स्वास्थ सेवा, प्रजनन तथा पोषण स्वास्थ सेवा, खाद्य गुणस्तर, स्वच्छ खानेपानी, स्वास्थ सचेतना | स्वास्थ सेवा लागग्राहीको भ्ज्क्ष्क विवरण संकलन, निःशुल्क औषधी वितरण, स्वास्थ संस्थामा नियमित सेवा प्रवाह भैरहेको | स्वास्थ सेवाको विस्तृतिकरण गरि जनशक्तिको स्पष्ट कार्यविभाजन र रिपोर्टिङ प्रणाली नभएको, निःशुल्क औषधीको खरिद, स्टक र वितरण प्रणाली व्यवस्थित नभएको, जेष्ठ नागरिको स्वास्थ सेवाको लागि मापदण्ड नभएको, शहरी स्वास्थ प्रवर्धन केन्द्र स्थापना नभएको | नगरपालिका स्वास्थ प्रवर्धन केन्द्र स्थापना गर्नुपर्ने, निःशुल्क औषधी वितरणको पारदर्शी प्रणाली सञ्चालन गर्ने, स्वास्थ सेवालाई विधागत उपक्षेत्रमा विभाजन गरि कार्यविवरण तोक्ने, जेष्ठ नागरिक घरदैलो उपचार सेवा सञ्चालन गर्ने, स्वास्थकर्मि र स्वास्थ क्षेत्रको प्रशासन सुदृढिकरण र क्षमता विकास गर्ने । |
| **शिक्षा शाखा** | माध्यमिक तह सम्मको शिक्षा सेवा प्रवाह तथा नियमन, अनौपचारिक र विशेष शिक्षा, गुठी एवं सहकारी शिक्षा, प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम, शिक्षकहरुको दरबन्दी तथा पदपूर्ति, शैक्षिक | शिक्षक दरबनन्दी मिलान, शैक्षिक क्यालेण्डर निर्माण, शिक्षा समिति, शिक्षा ऐन, नियमावली निर्माण, विद्यालयको नियमित व्यवस्थापन तथा नियमन र शैक्षिक प्रशासन नियमित सञ्चालन भैरहेको | विद्यालयलाई अनुदान कार्यविधि नभएको,शिक्षक तथा कर्मचारीको पेशागत क्षमता विकास प्रभावकारी नभएको, शैक्षिक गुणस्तर हुनुपर्ने जति सुधार नभएको, विद्यार्थी संख्या र विद्यालयको अवस्था अनुसार शैक्षिक अनुदान तथा | शैक्षिक प्रशासन र विद्यालय व्यवस्थापन सम्बन्धी विषेश नीतिगत व्यवस्थ गर्ने, शैक्षिक प्रशासन तथा विद्यालय व्यवस्थापन सम्बन्धी विशेष तालिम, विषयगत शिक्षक तालिम, विद्यार्थी नेतृत्व विकास तथा अतिरिक्त क्रियाकलापमा जोड दिने । प्रधानाध्यापकहरुलाई प्रभावकारी व्यवस्थापन तालिम दिने |

| | | | | |
|---|---|---|---|---|
| | गुणस्तर कायम तथा समग्र शिक्षा प्रशासन सञ्चालन नियमन | | व्यवस्थापन कार्य हुन नसकेको | |
| **सामाजिक विकास शाखा**: | महिला, बालबालिका, जेष्ठनागरिकहरुको सेवा, परिचयपत्र वित्ररण, सामाजिक सहायता कार्यक्रम कार्यान्वयन, लैंगिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वय | सामाजिक सुरक्षा भत्ता व्यवस्थापन कार्य, परिचयपत्र वितरण घुम्ती शिविर, विपन्न बर्ग सहायता कार्यक्रम, लैंगिक समावेशीकरण, लैंगिक विवेध न्युनिकरण कार्यक्रम, बालबालिका, महिला, आदिवासी जनजाति र जेष्ठ नागरिक लक्षित कार्यक्रम सञ्चालन भैरहेको | सामाजिक विकास शाखामा विधागत कार्यविवरण नभएको, लक्षित समूहको माग अनुसार कार्यक्रम कार्यान्वयन हुन नसकेको, वालमैत्री, जेष्ठ नागरिक मैत्री कार्यक्रम सञ्चालन प्रभावकारी हुनु पर्ने, बालमैत्री नगरपालिका घोषणा र अपांगमैत्री नगरपालिका घोषणा नभएको | घुम्ती शिविर नियमित आयोजना गर्ने, महिला, बालबालिका, एकलमहिला, दलित लक्षित क्षमता विकास कार्यक्रम नियमित सञ्चालन गर्ने, सामाजिक विकास शाखाका कर्मचारीहरुलाई उत्प्रेरणा, सहजिकरण र नेतृत्व विकास तालिम आयोजना गर्ने । |
| **आर्थिक प्रशासन शाखा**: | कार्यपालिका र सभाबाट पारित बजेट अनुशास श्रेस्ता राख्ने, आन्तरिक राजश्व, आर्थिक प्रशासन, बेरुजु न्युनिकरण, खरिद योजना, | स्वीकृत योजना र प्रशासनीक खर्चको फाँटवारी, श्रेस्ता निर्माण तथा संरक्षण, नियमानुसारको राजश्व संकलन तथा खर्च तेरिज व्यवस्थापन, SUTRA को प्रयोग | स्वीकृत खर्चको सिमा अनुसार वित्तीय अनुशासन कायम राख्न कठिन भैरहेको, नियम विपरितको भुक्तानीमा अनावस्यक दबाब परिरहेको, वेरुजु न्यनिकरणका लागि पूर्व लेखा परिक्षण हुन नसकेको | वित्तीय अनुसाशन कायम राख्न जनप्रतीनिधि र कर्मचारी तथा लक्षित सरोकारवालाहरुलाई अभिमुखिकरण, आर्थिक ऐन र खरिद ऐन सम्बन्धी तालिम, लागत अनुमान र खरिद गुरुयोजना अनुसरण गर्न संस्थागत सचेतना कार्यक्रम, आन्तरि राजश्व सुधार कार्ययोजना तथा नगरपालिकाबासी संग सहकार्य । |
| **योजना तथा अनुगमन शाखा** | सभाबाट स्वीकृत योजना तथा | योजना तथा कार्यक्रम स्वीकृत | आवधिकर योजना नबनेकाले क्षणिक | योजना व्यवस्थापन तालिम, योजना |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रमको कार्यान्वयन सहजिकरण, योजनाको लागत अनुमान अनुसार सम्झौता, नियमन अनुगमन | बजेट र लागत अनुमान अनुसार सम्झौता गरि नियमन र अनुगमन भैरहेको, बार्षिक योजना तथा योजना बैंकका लागि माग भएको योजनाहरु अभिलेखिकरण गर्ने गरिएको, नियमानुसारको योजना तथा कार्यक्रम सम्पन्न भएको प्रमाणिकरण गर्ने गरिएको | लाभ र आवस्यकताका आधारमा योजना सञ्चालन भैरहेको, योजनाको डुप्लीकेशन रोक्न प्रणाली व्यवस्था नभएको, योजना बैंक बन्न नसकेको, लागत अनुमान र बजेट उद्देश्य अनुसार अनुगमनबाट बास्तविक खर्च एकिन भै बजेट थप घर हुन नसकेको | व्यवस्थापनका लागि सफ्टवेयर निर्माण गरि हरेक योजनाको विस्तृत रेकर्ड राख्ने कार्य, लागत अनुमान र बजेट अनुसार काम भए नभएको पारदर्शि अनुगमन प्रणाली विकास, अनुगमन तथा मुल्यांकन सम्बन्धी विशेष तालिमको व्यवस्थ ागर्ने । |
| **कृषि विकास शखा** | कृषि विकास तथा कृषक प्रवर्धन, स्वीकृत बजेटको प्रभावकारी कार्यान्वयन | सभा र कार्यपालिकाबाट स्वीकृत बजेट अनुसार कृषि विकास सम्बन्धी योजना सहजिकरण भैरहेको, किसानका माग संकलन गरि कार्यपालिका र सभा समक्षा पेश गर्ने गरिएको । किसान अनुदान तथा कृषि उद्दम प्रवर्धन कार्यक्रम भैरहेको । | कृषिलाई व्यवसायीक बनाउन कृषि व्यवसाय प्रवर्धन ऐन अनुसार प्रभावकारी काम हुनुपर्ने, किसान बर्गिकरण, कृषि तथ्यांक संकलन गरि आत्मनिर्भर कृषि विकास तथा किसानमैत्री कृषि कार्यक्रम सञ्चालन गर्नुपर्ने । | कृषकहरुको मागमा आधारित कार्यक्रम तथा योजना व्यवस्थापन, कृषक प्रोत्साहन तथा बालि विकासका लागि आवस्यक तालिम कार्यक्रम, कृषि अनुदान र किसान मोटिभेसन कार्यक्रम सञ्चालन, कृषि प्राविधिकको विषयगत क्षमता विकास तालिम तथा सहयोग |
| **पशु विकास शाखा** | पशुपालन प्रवर्धन र भेटनरी सेवा व्यवस्थापन, नियमन | पशुपालन र पशुविकासका लागि आवस्यक योजना, कार्यक्रम सञ्चालन भेरहेको, पशुपालक किसानलाई अनुदान, भेटेनरी सेवा प्रदान भइरहेको | व्यवसायीक पशुपालनका लागि अनुदान नीति नभएको, भेटेनरी सेवा प्रभावकारी हुन नसकेको, भेटनरिमा दक्ष जनशक्ति अभाव रहेको | पशुपालक किसानको प्रस्तावमा आधारित साझेदारी कार्यक्रम, पशुपालन तालिम, भेटनरी उपचार सेवा निरन्तर गर्न जनशक्ति विकास तथा पशुस्वास्थ कार्यकता उत्पादन गरि परिचालन |


| | | | | |
|---|---|---|---|---|
| **घर नक्सा पास उपशाखा** | नगरपालिकाक्षेत्रमा निर्माण हने घरको नक्सा डिजाइन अनुसार निर्माण इजाजत, निर्माण सम्पन्न प्रमाणपत्र प्रदान | ट | राष्ट्रिय भवन निर्माण संहिताको पूर्ण पालना हुन नसकेको, पुराना र साविकका घरहरुको अद्यावधिक अभिलेखिकरण नभएको, सडक मापदण्ड अनुसार सेडब्याक र राइट अफ वे निर्धारण हुन नसकेको, निर्माण सम्बन्धी आवस्यक सचेतनाको कमि । | भवन निर्माण मापदण्ड र सडक मापदण्ड सम्बन्धी कर्मचारी र नगरपालिकाबासीहरुलाई समेत आवस्यक तालिम र सचेतना कार्यक्रम सञ्चालन गर्ने । पारदर्शी रुपमा नक्सापासका लागि EBPS लागू गर्ने । |
| **कानून तथा फैसला कार्यान्वयन शाखा**: | न्यायीक समितिको उजुरी अभिलेख, तारिख,म्याद तामेली तथा सहजिकरण, न्याकिक समितिको निर्णय कार्यान्वयन | न्यायिक समितिको सचिबालयको रुपमा काम भैरहेको, न्यायीक कार्यसम्पादन सहजिकररण तथा मध्यस्तता सम्बन्धी कार्य | न्यायिक समितिको प्रतिवेदन प्रणाली चुस्त नभएको, इजलास ब्यवस्थापन र फैसलामा ढिला सुस्ती हुने गरेको | न्यायिक सहजकर्ताहरुका लागि रिफ्रेसर तालिम, न्यायिक सचेतना तालिम, समुदायमा नगरपालिकाबाट जारी कानूनका बारे सचेतना तथा प्रशिक्षण कार्यक्रम |

**(३) स्थानीय सरकार स्वमुल्यांकनको आधारमा नीलकण्ठ नगरपालिकाको क्षमतामा देखिएको अन्तराल (Gap) र प्रस्तावित कार्यक्रमः**

| **विषय क्षेत्र** | **पूर्णांक** | **प्राप्तांक** | **देखिएको अन्ताराल** | **प्रस्तावित कार्यक्रम** |
|---|---|---|---|---|
| १.शासकीय प्रवन्ध | ९ | १० | कुनै ग्याप नदेखिएको | सुशासन तालिम, टिम बिल्डीङ कार्यशाला |
| २. संगठन तथा प्रशासन | ८ | ७.५ | पूर्ण सक्षम देखिएको | संगठन ब्यवस्थापन तालिम |
| ३. बार्षिक बजेट तथा योजना ब्यवस्थापन | ११ | ११ | योजनाबद्ध बजेट विनियोजन नभएको, गैह्र सरकारी संस्थाको बजेट नगरपालिकामा नसमेटिएको | • आवधिक योजना निर्माण गर्नुपर्ने<br>• गैह्र सरकारी संस्थाहरुको बजेटलाई समेत बार्षिक बजेटमा समेट्नुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| ४. वित्तिय एवं आर्थिक व्यवस्थापन | १५ | १४.५ | वित्तिय अनुशासन पूर्ण पालना हुनुपर्ने, स्वीकृत बजेटको पूँजीगत खर्च बढाउनुपर्ने,<br>बजेटको बार्षिक समिक्षा गर्नुपर्ने । | वित्तीय सन्तुलन कार्यशाला, कार्यान्वयन सफल हुने योजनाको मात्र छनौट गर्न योजना छनौट कार्यशाला, र बजेट समिक्षा कार्याशाला आयोजन गर्ने । |
| ५.सेवा प्रवाह | १६ | १६ | विद्युतीय भुक्तानीको व्यवस्था हुनुपर्ने, स्वास्थ संस्थामा नागरिकको पहूँच बढाउनु पर्ने | सरकारी भुक्तानीमा विद्युतीय भुक्तानी सेवा शुचारु गर्ने । |
| ६. न्यायीक कार्य सम्पादन | ७ | ७ | स्वमुल्यांकनमा कुनै अन्तराल नदेखिएको | न्यायीक व्यवस्थापन तथा मध्यस्तकर्ता पुनर्ताजकी तालिम |
| ७.भौतिक पुर्वाधार | १३ | १२.५ | आवस्यक मापदण्ड र दिगोपन हेरेर मात्र पुर्वाधारका संरचना बनाउनुपर्ने । | • सडक गुरुयोजना निर्माण<br>• जोखिम संवेदनशील भूउपयोग योजना<br>• वालमैत्री तथा अपांगमैत्री पुर्वाधार<br>• बार्षिक योजना तर्जुमा कार्यशाला<br>• उद्योगग्राम स्थापनाका लागि जग्गा पहिचान र डिपिआर |
| ८.सामाजिक समावेशीकरण | १० | १० | उपभोक्ता समितिमा महिला, दलित, अपांगताभएका व्यक्तिहरुलाई कम्तिमा २० प्रतिशत नेतृत्व गर्ने वातावरण निर्माण गर्ने । | • हरेक बर्ग समुदायका लागि शसक्तिकरण तालिम<br>• लैंगिक समावेशीकरण सचेतना तालिम, कार्यशाला |
| ९.वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | ९ | पुर्वाधार निर्माण गर्दा वातावरणमैत्री हुनुपर्ने | • उपभोक्ता समिति र समुदायलाई वातावरणमैत्री शासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम |
| १०. सहकार्य र समन्वय | ६ | ६ | जिल्ला समन्वय समिति, प्रदेश र संघ संग आवस्यक समन्वय गर्नुपर्ने | • अन्तरपालिका सहकार्य कार्यशाला<br>• संयुक्त लगानी तथा साझेदारी विकास कार्यक्रमका लागि कार्यशाला आयोजना |
| स्थानीय सरकार स्वमुल्यांकन अनुसार कूल क्षमताको पूर्णांक | | | | १०० |
| नीलकण्ठ नगरपालिकाले प्राप्त गरेको स्वमुल्यांकनको अंक | | | | ९७.५ |
| प्रस्तावित क्षमता विकास कार्यक्रम र मापदण्ड पुरा गरि थप गर्नुपर्ने अंक | | | | २.५ |

**स्थानीय सरकारको स्वमुल्यांकन अनुसार नीलकण्ठ नगरपालिकाको संस्थागत क्षमताको माकुरे चित्र:**
**(चित्रको बाहिरी रेखाले पुर्णांक र भित्री रेखाले प्राप्तांक जनाउँछ)**




**(४) नीलकण्ठ नगरपालिकाको पुर्वाधार क्षमता विश्लेषण र गर्नुपर्ने कार्य:**

| पुर्वाधारको क्षेत्र | विद्यमान पुर्वाधारको अवस्था | अपेक्षित पुर्वाधार | गर्नुपर्ने कार्य वा सुधार | समय सिमा |
|---|---|---|---|---|
| १.पालिकाको आफ्नै भवन र वडा भवन | पालिकको आफ्नै भवन भएको र सवै वडामा वडा भवन भएको | भवनमा सवै शाखा र सेवा प्रदायकको पर्याप्त कोठा एवं आवस्यक साधन श्रोत युक्त वातावरण | कार्यकक्षमा सहज पहूँच, सेवाग्राहिका लागि लोकेशन म्याप, हेल्प डेक्सको ब्यवस्था, सेवाग्राहीमैत्री ब्यवहार, टोकनबेश पालो प्रणाली | २०७९ आश्विन मसान्त सम्म |
| २.फर्निचरको उपलब्धता | पालिकाको भवनमा आवस्यकता | काम नलाग्ने खालका फर्निचर विस्थापित गरि सेवाग्राहीमैत्री हुने | आवस्यकता अनुसार विषयगत शाखाबाट माग | २०७९ असोज मसान्तर सम्म |

| | | | | |
|---|---|---|---|---|
| | अनुसारको फर्निचर | गरि फर्निचर ब्यवस्थापन गर्ने, सेवाग्राहीलाई समेत बस्ने र प्रतिक्षा गर्ने पर्याप्त ब्यवस्था | गरि फर्निचर ब्यवस्थापन गर्ने | |
| ३.शाखागत विभाजन अनुसारको पुर्वाधार | पालिकाको संगठन संरचना अनुसारको शाखाका लागि पर्याप्त कोठा र फर्निचरको ब्यवस्था | सवै विषयगत शाखामा सेवाग्राहीको सहज पुहँच हुने गरि लोकेशन संकेत र हेल्पडेस्कबाट सहजिकरण ब्यवस्था | सेवाग्राही मैत्री वातावरण र हेल्पडेक्सको ब्यवस्था | २०७९ असार मसान्त सम्म |
| ४. कम्प्युटर, प्रिन्टर, लगायत उपकरण | पालिकाको विषयगत शाखा, कार्यपालिका, कर्मचारी जनशक्तिलाई आवस्यक पर्ने उपकरणहरु | सवै जनशक्तिलाई आवस्यक पर्ने कम्प्युटर, प्रिन्टर, इन्जिनियरिङ, ल्याब, मेजरमेन्ट डिभाइस लगायतका सवैखालका आवस्यक उपकरणहरुको सहज उपलब्धता | कार्यरत जनशक्तिका तत्काल माग पहिचान गरि आवस्यकता अनुसारका उपकरणहरु उपलब्ध गराउने | २०७९ भाद्र मसान्त सम्म |
| ५. सवारी साधान | पालिकामा २ वटा जीप, १ दमकल, १ टिपर, १ ट्र्याक्टर, र २९ वटा मोटरसाइकल रहेको | सवारी साधन प्रयोग गर्नुपर्ने अवस्थामा पालिकामा कार्यरत सवै जनशक्तिलाई आवस्यकता अनुसार सहज रुपमा सवारी साधन उपलब्ध गराउने ब्यवस्था | विषयगत शाखा प्रमुख र अन्य जनशक्तिलाई आवस्यक पर्दा जुनसुकै बेला कार्यालय प्रयोजनको लागि सवारी साधन उपलब्ध हुने ब्यवस्था गर्ने | २०७९ आश्वीन मसान्त सम्म |
| ६.सूचना प्रविधि पुर्वाधार | पालिकामा हाल ५० एविपिएसको डेडिकेटेड इन्टरनेट र हरेक वडाहरुमा | उच्च गतिको इन्टरनेट सेवा र आफ्नै नेटवर्क संरचना निर्माण, | तत्काल डिजिटल नीलकण्ठ आइसिटी सर्भे गरि आफ्नै VLAN Network संरचना निर्माण, उच्च गतिको | २०८१ असार मसान्त सम्म |

| | | | | |
|---|---|---|---|---|
| | इन्टरनेट कनेक्सन रहेको | एकिकृत सेवा सञ्चालनका लागि सर्भरबेस सफ्टवेयर सचालन | इन्टरनेट ब्याण्डविथका लागि लिजलाइन सेवा सञ्चालन, पालिका, वडा र विषयगत कार्यालयमा सेवा प्रदायकको ब्याण्डविथ विना आफ्नै सफ्टवेयर र आन्तरिक नेटवर्क चल्ने प्रणाली विकास | |

## (५) नीलकण्ठ नगरपालिकाका विषयगत समितिहरुको क्षमता विश्लेषण

| **संविधान तथा स्थानीय सरकार संचालन ऐनअनुसार कार्यजिम्मेवारी** | **कार्य सम्पादनको वर्तमान अवस्था** | **विद्यमान अन्तराल** | **प्रस्तावित कार्यक्रम** |
|---|---|---|---|
| **दफाः२२** विषयगत समितिहरुको गठनः नगरपालिकासभाले आफ्नो कार्यप्रणालीलाई ब्यवस्थि तगर्न कुनै एक सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सामाजिक विकास, क्षमता विकास तथा शुसासन, आर्थिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपद् र आवस्यकता अनुसारका समिति गठन गर्न सक्नेछ । | ● सवै समितिहरुको नियमित बैठक बस्ने तथा बैठकका निर्णयहरु सवै कार्यान्वयन हुन नसकेको<br>● सभाको समय भन्दा अन्य समयमा समितिको भूमिका न्यून देखिएको | ● सवै समितिहरुको नियमित बैठक र कार्यपालिकाको सहायक बिस्तृत छलफल गरि सुझाब दिने समितिको रुपमा काम हुन नसकेको<br>● समितिहरुको बैठक सञ्चालन तथा ब्यवस्थापन कार्यविधि नभएको | ● समितिको काम कर्तब्य र विषयगत अवधारणा सहित बैठक ब्यवस्थापन क्षमता विकास सम्बन्धी प्रशिक्षण<br>● विभिन्न समितिहरुको अधिकार र कर्तब्य समेटेर कार्य सम्पादन तथा कार्यविभाजन नियमावलीको परिमार्जन |
| **दफा ४६:** न्यायीक समिति न्यायीक समितिले घरजग्गा विवाद, अन्य ब्यक्तिलाई परेको असर, सम्बन्ध विच्छेद, साँधसिमाना विवाद, कुटपिट गाली बेइज्जति लगायतमा किनारा लनगरन सक्ने | इजलासको ब्यवस्था भएको, मेलमिलाप केन्द्रहरु स्थापना भएको, मेलमिलाप समिति गठन भै बैठक हुने गरेको | ब्यवस्थीत इजलास, रेकर्ड र प्रतिवेदन प्रणाली ब्यवस्थित नदेखिएको | ● न्यायीक समितिलाई कानूनी अधिकार र क्षमता विकास सम्बन्धी तालिम |
| **दफा ६६.** श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिः | सभा अघि समितिको बैठक बस्ने गरेको, स्थानीय आवस्यकता | नगरपालिकासभाको मुख्य मार्गदर्शक यो समितिको भूमिका खासै | ● बजेट सिमा र श्रोत ब्यवस्थापन सम्बन्धी हरेक सभा अघि |

| | | | |
|---|---|---|---|
| आयको प्रक्षेपण, श्रोत अनुमानको आधारमा बजेटको कूल सिमा र बजेट प्राथमिकीकरण गर्ने | अनुसार समिमा निर्धारण गर्ने गरिएको, वडा समिति र विषयगत शाखाको सिलिङ तोकि सभा अघि त्यसैको आधारमा बजेट मस्यौदा तर्जुमा हुने गरेको | प्रभावकारी नभएको, अन्य विषयगत समिति, कार्यपालिका र सभालाई निर्देशनात्मक सिमा दिने भूमिका निर्वाह हुन नसकेको | बृहत कार्यशाला आयोजना गर्ने । |
| **दफा ६७.** बजेट तथा कार्यक्रम तर्जुमा समितिः श्रोत अनुमान तथा सिमा निर्धारण समितिले दिएको सिमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने, बस्ती, वडा र विषयगत शाखाहरुबाट आएको योजना तथा कार्यक्रमको संयोजन गरि बजेट तथा कार्यक्रम तर्जुम ागर्ने । | टोलबस्ती र वडाबाट आएको प्रस्ताव एवं विषयगत शाखाबाट आएको प्रस्ताव अनुसार योजना तथा कार्यक्रमहरुको प्राथमिकिकरण तथा संयोजन गरि कार्यपालिकामा पेश गर्ने गरेको । | बजेट तथा कार्यक्रमको प्राथमिकिकरणमा टोलबस्ती र सरोकारवालाहरुको आवस्यकता सम्बोधन हुने गरि योजना तर्जुमाको चरणहरु पुरा नभएको, आवधिक योजना र लागत तथा प्रभावको पुर्व अध्ययन विना बजेट बिनियोजन हुने गरेको | नगरपालिकाको योजना तर्जुमा दिग्दर्शन निर्माण गरि सबै चरणहरुमा ब्यापक छलफल गरि बजेट तथा कार्यक्रम तर्जुमा गर्न नियमित कार्यतालिका बनाई कार्यक्रम आयोजना गर्ने |

## (६) नगरपालिकाको सवल र कमजोर पक्षको आँकलन(SWOT Analisys):

धादिङ नगपालिकाको समग्र क्षमता विकासका लागि नगरपालिका कार्यपालिका, नगरपालिकासभा, विषयगत समितिहरु जनशक्ति र समग्र पक्षलाई नगरपालिकाको एकमुष्ट रुपमा बुझि नगरपालिकाको सबल तथा कमजोर पक्षको विश्लेषण तथा आँकलन गर्नु आवस्यक हुन्छ । नगरपालिकाको Strength( सवल पक्ष) Weakness (कमजोरी) opportunities (अवसरहरु) र Threats (चुनौतिहरु) को आँकलन गर्न सके मुख्य मुद्दाहरू पहिचान गर्न र बुझ्न सहज हुन्छ । SWOT ले समाधानहरू प्रस्ताव गर्दैन तर नगरपालिकाको यथार्थ धरातल बुझेर आगमी दिशा तय गर्न तथा जनशक्ति, श्रोत र संस्थाले तर्जुमा गर्नुपर्ने रणनीति निर्माण गर्न महत्वपूर्ण सहयोग गर्न सक्छ । तसर्थ नीलकण्ठ नगरपालिकाको सवै सरोकारवालाहरुको राय सुझाव र स्वमुल्यांकनको आधारमा यसका सवल र कमजोर पक्षको विश्लेषण गरिएकोछ :

| **(क) सवल पक्ष (Strnghths)** | **(ख) कमाजोर पक्ष (Weakness)** |
|---|---|
| १. नगरपालिकामा स्थानीय शासनका लागि आवस्यक अधिकांस ऐन, कानून, कार्यविधि, मापदण्ड र निर्देशिकाहरु जरी भएको | १. न्यून लागतमा प्रभावकारी सेवा हुन नसकेको |

| | |
|---|---|
| २. संस्थागत क्षमता विकास स्वमुल्यांकनमा उत्कृष्ठ भएको | २. प्रथम जनप्रतिनीधिको कार्यकालमा आवधिक योजना निर्माण भएको तर आवधिक योजनाको आधारमा श्रोत खर्च हुन नसकेको |
| ३. कार्यपालिका, सभा र विभिन्न सिमतिहरुको नियमित बैठक बसि आवस्यक निर्णय हुने गरेको | ३. आवधिक प्रतिवेदन र वित्तीय विवरण समयमानै प्रेषण हुन नसकेको |
| ४. अत्यावस्यक साधन श्रोत र पुर्वाधारको व्यवस्था भएको । | ४. अधिकांश कर्मचारीहरु सूचना प्रविधि सम्बन्धी ज्ञान र सम्बन्धीत पद अनुसारको ज्ञान नभएको |
| ५. व्यवसायीक कृषि र पर्यटकीय गन्तब्य भएको | ५. तालिम प्राप्त दक्ष जनशक्तिको अभाव |
| ६. जडिबुटि र वन पैदावारको पर्याप्त सम्भावना | ६. दरबन्दी अनुसारको जनशक्ति पुर्ति नहुनु |
| ७. लैंगिक तथा सामाजिक समावेशिकरणमा उल्लेख्य काम भएको | ७. आन्तरिक राजश्वको प्रचूर सम्भावना भएपनि न्यून रुपमा संकलन हुनु |
| ८. शिक्षा र स्वास्थको आधारभूत आवस्यकता पुरा गर्रे पुर्वाधार तयार भएको | ८. नगरपालिकाकाको संगठन संरचना अनुसार चुस्त रुपमा प्रभावकारी काम हुन नसक्नु |
| ९. आय आर्जन, उद्यमशिलता र उद्योग व्यवसायको विकास गर्ने प्रचूर सम्भावना भएको | ९. कार्यरत जनशक्तिमा आवस्यक साधन श्रोत पर्याप्त नहुनु, |
| **(ग) अवसर (Oppurtunity)** | **(घ) चूनौति (Threats)** |
| १. क्षमता विकास योजना निर्माण हुने नगरपालिकामा नीलकण्ठ नगरपालिका अग्रणी स्थानीय तहको रुपमा रहेको | १. कानूनी रुपमा ब्यवस्था भएको जनशक्ति तथा क्षमता विकासमा समानिकरणको कम्तिमा २ प्रतिशत बजेट विनियोजन गरि सभाबाट पारित गर्न जनप्रतीनिधिलाई बुझाउनु |
| २. राजश्वको दायरा फराकिलो हुँदै जानु | २. नगरपालिकाको अधिकांश अधिकांश भाग बिकट ग्रामीण भेगको रुपमा रहेको |
| ३. देशकै नमूना गन्तब्य नगरँको रुपमा नीलकण्ठ लाई पर्यटकीय नगरँको रपमा विकास गर्ने सम्भावना रहेको | ३. अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरुको कार्यसम्पादन सम्झौता भै काम गर्न कठिनाई |
| ४. प्रदेश र केन्द्र सरकार संग सहकार्य गरि ठूला र गौरबका आयोजनाहरु सञ्चालन गर्न सकिने | ४. सर्वाजनिक खरिद ऐन र नियमावलीबारे सरोकारवालाहरुको अनविज्ञता |
| ५. नगरपालिकामा लघु उद्यम विकास गरि ब्यापक स्वरोजगार र रोजगारीको अवसर सृजना गर्न सकिने | ५.राजश्वका अनुमान भन्दा कम संकलन हुनु र बेरुजु रकम बढ्दै जानु |
| ७. स्थानीय सरकार स्वमुल्यांकनमा विशिष्ट स्थान प्राप्त भएकाले नगरपालिका संग सहकार्य गर्न धेरै साझेदारहरुले हात बढाएको | ६. स्थानीय तह सरकारको रुपमा स्थापित भए पनि हिजोको निकायको संरचना र सौँचलाई परिमार्जित गरेर सर्वांगीण विकास योजना तय गर्न नसक्नु |

# परिच्छेद ३
# क्षमता विकास योजना

## ३.१ क्षमता विकास योजना

नीलकण्ठ नगरपालिकाको समग्र क्षमता विकासका लागि यसका प्रमुख ३ आयाम जनशक्ति विकास, संस्थागत विकास र प्रणालीगत विकासका सवल र दुर्वल पक्षको विश्लेषण तथा अन्तराल पहिचान पश्चात नगरँकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत सहित सवै विषयगत शाखा, वाड कार्यालय र सरोकारवालाहरुको उपस्थितिमा भएको कार्यशाला, सुझाव ग्रहण र आवस्यकता पहिचान गरि ३ बर्षे क्षमता विकास योजना प्रस्ताव गरिएकोछ। नगरपालिकाको विभिन्न पक्षमा हुनु पर्ने सुधार र अन्तरालहरुको न्युनिकरण गर्न प्रस्तावित गरिएको कार्यक्रमहरुलाई नै प्राथमिककिकरण गरि यो ३ बर्षे क्षमता विकास योजनाको कार्यान्वयन तालिका निर्माण गरिएको हो ।

| सि.नं | प्रस्तावित कार्यक्रम | बजेट | | |
|---|---|---|---|---|
| | | ०७८/०७९ | ७९/८० | ८०/८१ |
| १. | जनप्रतिनीधिहरुका लागि क्षमता विकास कार्यक्रम | ८००००० | ४०००००। | ३०००००। |
| २ | कर्मचारी क्षमता विकास कार्यक्रम | १२००००। | १२०००००। | ६०००००। |
| | कर्मचारीलाई ५० प्रतिशत अनुदानमा ल्यापटप | ८३०००००। | ३०,०००००। | १०,००००० |
| ३ | फोहोर वर्गीकरण तथा व्यवस्थापन तालिम | ४०००००। | ४०००००। | ४०००००। |
| २. | न्यायीक समिति र कानूनी सहजकर्ताहरुका लागि कानून तथा सहजिकरण क्षमता विकास तालिम | ३००००० | २००००० | २००००० |
| ३. | विषयगत समिति र शाखा प्रमुख हरुका लागि काम, कर्तब्य र अधिकार केन्द्रीत अभिमुखिकरण कार्यशाला | २००००० | १०००००। | १०००००। |
| ४. | सहायक कर्मचारीहरुका लागि सेवा प्रवाह तथा जनसम्पर्क ब्यवस्थापन तालिम | ३००००० | ३०००००। | ३०००००। |
| ५. | आर्थिक ब्यवस्थापन तथा बेरुजु न्यूनिकरण कार्यक्रम | २०००००। | १५००००। | १५००००। |
| ६. | जनप्रतिनीधि र विषयगत शाखा प्रमुखहरुका लागि नमूना प्रशासन सिकाइ आदानप्रदान भ्रमण | ३०००००। | २०००००। | २०००००। |

| | | | | |
|---|---|---|---|---|
| ७. | सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम | ५०००००। | ५०००००। | ५०००००। |
| १०. | विद्युतीय प्रणालीमा आधारित नक्सापास प्रणाली स्थापना | ५०००००। | २००००० | २०००००। |
| ११. | स्वास्थकर्मी तथा स्वास्थ सेवा ब्यवस्थापन कार्यक्रम | ३०००००। | ३०००००। | ३००००० |
| १२. | स्वास्थ संस्थाहरुको सेवा सुदृढिकरण र क्षमता विकास कार्यक्रम | २००००० | २०००००। | २०००००। |
| १३. | शैक्षिक कानून, नीति निर्माण तथा शैक्षिक गुणस्तर विकास | ४०००००। | ४०००००। | ४०००००। |
| १४. | विद्यालय गुणस्तरबृद्धिका लागि गुणस्तर परिक्षण प्रणाली निर्माण | ५०००००। | ३०००००। | २०००००। |
| १५. | एकिकृति घुम्ती सेवा सञ्चालन कार्यक्रम | ४०००००। | ४०००००। | १२०००००। |
| १६. | लक्षित बर्ग उत्थान तथा विकास कार्यक्रम | १०,०००००। | १०,०००००। | १०,००००० |
| १७. | शुसासनका लागि एकिकृत प्रशासन ब्यवस्थापन सफ्टवेयर निर्माण | १०,०००००। | ३०००००। | ३०००००। |
| १८. | कृषि तथा भेटेनरी जनशक्ति र कृषकहरुको मागमा आधारित क्षमता विकास कार्यक्रम, प्रविधि र सिप हस्तान्तरण | १०,०००००। | ८०००००। | ८०००००। |
| २० | जोखिम संवेदनशिल भू उपयोग योजना | १०,०००००। | ३०००००। | ३०००००। |
| २१ | एकिकृत नगर विकास आवधिक योजना | २०,०००००। | ३०००००। | ३००००० |
| २२. | विषयगत शाखा र कर्मचारीहरुको कार्य विस्तृतिकरण | ५०००००। | २०००००। | २००००० |
| २३ | लैंगिक तथा सामाजिक समावेशीकरण परिक्षण | ५०००००। | ५०००००। | ५०००००। |
| | लेखा तथा राजश्व व्यवस्थापन तालिम | ५०००००। | ४०००००। | ३०००००। |
| | जनशक्ति विकास योजना | ४०००००। | ४०००००। | ४०००००। |
| | पञ्जिकरण लेखा तथा राजश्व व्यवस्थापन | ७०००००। | ६०००००। | ५०००००। |
| | मध्यकालिन खर्च संरचना निर्माण/तालिम | ५०००००। | २५०,०००। | २५०,०००। |
| | असल अभ्यास अवलोकन भ्रमण | ९०००००। | ९०००००। | ९०००००। |
| | नगर प्रहरी तालिम/पुर्नताजगी तालिम | ३०००००। | ३०००००। | ३०००००। |
| | न्यायीक समिति क्षमता विकास | १५०००००। | १५०००००। | १५०००००। |
| २४ | टोल विकास संस्था गठन तथा परिचालन ( कार्यविधि निर्माण समेत) | ३०००००। | ३०००००। | ३०००००। |
| २५ | नगरपालिकाको समग्र प्रणाली सुधार र सेवा मापदण्ड निर्धारण | १०,०००००। | ३०००००। | ३०००००। |
| २६. | आवस्यक कानून, कार्यविधि तथा मापदण्ड निर्माण | ५०००००। | ५०००००। | ५०००००। |

| | | | | |
|---|---|---|---|---|
| २७. | सरोकारवालाहरु संग योजना तर्जुमा सुझाब कार्यशाला | ३००००० | ३०००००। | ३०००००। |
| | बार्षिक रुपमा हुने क्षमता विकास लागत | २८५,०००००। | १७५००००। | १५१०,०००। |
| **प्रस्तावित योजना तथा कार्यक्रमको ३ बर्षको कूल लागत  छ करोड एघार लाख मात्र** | | | | |
| **क्षमता विकास विषयमा अनिवार्य बजेट विनियोजन गर्नुपर्ने समानिकरण बजेटको कम्तिमा २ प्रतिशत रकम** | | | | |

अन्तराल पहिचानबाट गर्नुपर्ने भनि प्रस्ताव गरिएको कार्यक्रमहरु र सो मा आवस्यक बजेट नवनिर्वाचित जनप्रतिनीधि र विषयगत शाखा प्रमुख लगायतका सरोकारवालाहरु संगको सुझाव संकलन तथा अन्तरक्रिया पछि परिमार्जन समेत गर्न सकिनेछ । जसका लागि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन र वित्तिय समानिकरणको विषयगत बजेट बाँडफाँड सिलिङ तथा स्थानीय तहको स्वमूलयांकन मापदण्ड अनुसार हुने गरि कूल समानिकरण बजेटको २ प्रतिशत बजेट नगरपालिकाको समग्र क्षमता विकासका लागि विनियोजन गरिनेछ ।

# परिच्छेद ४
# निचोड, अनुगमन तथा मुल्यांकन व्यवस्था

## ४.१. निचोड

नीलकण्ठ नगरपालिकाको प्रस्तावित क्षमता विकास योजना नै पहिलो योजना भएको छ । नगरपालिकाको एकिकृत शहरी विकास योजना, पञ्चवर्षिय योजना, यातायात गुरुयोजना, राजस्व सुदृढीकरण कार्ययोजना, फोहोरमैला व्यवस्थापन नीति, बस्ती विकास नीति, पञ्जिकरण व्यवस्थापन, आप्रवासन नीति लगायतका थुप्रै नीति तथा कार्यक्रमहरु तयार गर्नुपर्ने भएकोले यो क्षमता विकास योजना तत्काल तर्जुमा गर्नु परेको हो ।

## ४.२. अनुगमन

योजना निरन्तर रुपमा संचालन भईरहेको सन्दर्भमा अनुगमन, मुल्यांकन तथा सिकाईको व्यवस्थापन भए नभएको र कुनै नयाँ काम आई पर्दा सो सम्पादनको क्षमता वृद्धिका लागि नगरपालिका नगरपालिका प्रमुख ज्यूको संयोजकत्वमा उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत भएको निर्देशक समिति बनाई सो समितिको निर्णय अनुसार कार्य संचालन गर्नु उपयुक्त देखिन्छ । क्षमता विकास योजनाको क्रियाकलापगत कार्ययोजना ३६ महिनाको प्रस्ताव गरिएको छ । बजेटमा समावेश भएपछि ती क्रियाकलापहरुको प्रत्येक चौमासिक अवधिमा अनुगमन तथा मुल्यांकन गर्ने गर्नु पर्दछ । यसका लागि नगरपालिकाको कार्यपालिकाका प्रवक्ता (पालिकाद्वारा तोकिएको कुनै कार्यपालिका सदस्य) को संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत, योजना, कर्मचारी प्रशासन शाखाका प्रमुखहरु र लेखा शाखा प्रमुखहरु रहेको स्थायी प्रकृतिको संरचना निर्माण गर्नु पर्दछ । यो संरचनालाई क्षमता विकास कार्यान्वयन कार्यतालिकाको अनुगमन मुल्यांकन गर्ने मात्र नभई संघीय मामिला तथा सामान्य प्रशासन  मन्त्रालयद्वारा जारी गरिएको स्थानीय तह संस्थागत

क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ ले माग गरेका आवधिक विवरणहरु तयार गर्ने, संकलन गर्ने, वेभसाइडमा अपलोड गर्ने तथा पालिकाको क्षमताको स्वमुल्यांकन गरी अधिकतम अंक हासिल गर्ने समेत जिम्मेवारी सुम्पन सकिन्छ । नगरपालिकाको क्षमता विकास योजनाको कार्यान्वयनसँगै यसको अनुगमन तथा मुल्यांकन गर्ने पक्ष पनि महत्वपूर्ण रहेको छ । यो परिच्छेदमा यस योजनाको कार्यान्वयन अनुगमन तथा मुल्यांकन व्यवस्था बारे उल्लेख गरिएको छ । अनुगमन तथा मुल्यांकनको उद्देश्य देहायबमोजिम रहेको छ

- क्षमता विकास योजनाको कार्यान्वयनका सवल र कमजोर पक्षको आवधि लेखाजोखा गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउने ।
- पालिकाको समग्र सेवाप्रवाहलाई सवल बनाउन आवश्यक सहयोग पुर्‍याउने ।
- नगरपालिका सभाद्वारा पास गरिएको वार्षिक विकास कार्यक्रमलाई संचालन गर्न आवश्यक पृष्ठपोषण गर्ने । अनुगमन तथा मुल्यांकन संयन्त्र क्षमता विकास योजनाको कार्यान्वयनको अनुगमन तथा मुल्यांकन गर्नु पर्दछ । यसका लागि नगरपालिका अन्तर्गतको अनुगमन तथा मुल्यांकन गर्ने संयन्त्र देहायबमोजिम हुनेछ :

**सन्दर्भ सामाग्रीहरुः**


१. नीलकण्ठ नगरपालिकाको एकिकृत शहरी विकास विकास योजना, २०७५

२. नीलकण्ठ नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०७८

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

४. नेपालको संविधान, २०७२

५. नीलकण्ठ नगरपालिकाको नीति कार्यक्रम र बजेट २०७४।०७५ देखि २०७८।७९ सम्म

६. पन्ध्रौं योजना, राष्ट्रिय योजना आयोग

७. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४

८. स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि,२०७७

९. नीलकण्ठ नगर प्रोफाइल, २०७५

९. नीलकण्ठ नगरपालिकाको विभिन्न प्रतिवेदन, दस्तावेज तथा कार्यशालामा भएको टिपोटहरु, २०७९